# अध्याय एक
# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शैलीवैज्ञानिक अध्ययन एक नवीन समालोचना प्रणाली हो । नेपाली शिक्षाशास्त्र सङ्काय अन्तर्गत कमै मात्रामा शोध अध्ययनहरू भएका छन् । थोरै मात्रामा भएता पनि वर्तमान समय सम्ममा साहित्यका विविध विधाका कृतिहरूको शैलीवैज्ञानिक अध्ययनहरू भएका छन् । यसै सन्दर्भमा उपन्यासकार सरुभक्तको शैलीवैज्ञानिक अध्ययन नामक शोध कार्य स्नातकोत्तर तह उपाधि हासिल गर्नका लागि एम्एड. दोस्रो वर्षमा तयार गरिएको हो । चुली उपन्यासको वैचारिक रूपबाट (२०६३)लीला लुँइटेल, समकालीन साहित्यमा मात्र अध्ययन विश्लेषण गरिएता पनि यसको शैलीवैज्ञानिक अध्ययन हुन नसकेको अवस्थामा यसको अध्ययन विश्लेषण युक्तिसङ्गत हुन्छ ।

शैली सम्बन्धी परम्परित चिन्तन प्लेटो देखि अविच्छिन्न रूपमा गरिएको पाइएता पनि यसबारे आधुनिक चिन्तनको थालनी दुईवटा अन्तरार्ष्टिय गोष्ठिहरूबाट भएको हो शर्मा, (२०५९) । शैली विषयक पहिलो अन्तर्राष्ट्रिय गोष्ठी सन् १९५८ मा अमेरिकाको सोसल साइन्स रिसर्च काउन्सिल तथा इन्डियना विश्वविद्यालयको संयुक्त तत्वावधानमा भएको हो । शैली सम्बन्धमा भाषिक चिन्तन पूर्वमा भरत र पश्चिममा प्लेटो देखि प्रारम्भ भएको देखिन्छ । प्लेटोले साहित्यमा शैलीको उपस्थितिलाई विकल्पात्मक मानेका छन् । भने एरिस्टोटलले साहित्यमा शैलीको उपस्थितिलाई उत्कृष्ट-निकृष्ट जस्तो भए पनि अनिवार्य मानेका छन् । भरतको नाट्यशास्त्रमा शैलीलाई वृत्तिक रूपमा चर्चा गरिएको छ । पाणिनीको व्याकरणले अष्टाध्यायीको भाषाको वैज्ञानिक अध्ययन विश्लेषण गर्ने ठोस आधार प्रदान गरेको छ थापा, (२०५५) । यसरी पूर्वका आचार्यहरूका विवेचनामा भाषागत आधारमा शैली पक्षले प्रशस्त स्थान पाएको देखिएता पनि यिनमा आधुनिक शैलीवैज्ञानिक उठान तथा व्याख्या विश्लेषण भएको पाइदैन । यसैगरी पश्चिमेली जगतमा शैलीविज्ञान शब्दको प्रयोग उन्नाइसौँ शताब्दीमा भएको मानिन्छ । एरिस्टोटल पछि विभिन्न धारणाहरू प्रस्तुत भएका छन् ।

चेस्टर फिन्डका अनुसार “शैली भनेको विचारको पोसाक हो ।” हड्सन्का अनुसार “शैली वैयक्तिक गुण हो” भन्ने मत अघि सारेका छन् शर्मा, लुइँटेल (२०६३ ) ।

शैली सम्बन्धी पूर्व र पश्चिम दुवैतिर प्राचीन पृष्ठभूमि र परम्परा भेटिए पनि आधुनिक शैलीविज्ञान आधुनिक कालमै जन्मेको शास्त्र हो । शैलीवैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई शैलीविज्ञान भनिन्छ । भाषाविज्ञानको प्रायोगिक फाँटमा नवीन शाखाको रूपमा देखा परेको शैलीविज्ञान अन्तर्गत साहित्यिक शैली अर्थात साहित्यमा भाषा प्रयोगका ढङ्गले वैज्ञानिक अध्ययन गरिन्छ । जी. डब्ल्यु हर्नरले स्टालिस्टिक्स (१९७३), शीर्षक पुस्तकमा शैलीविज्ञानको परिभााष यसप्रकार गरेका छन् : शैलीविज्ञान साहित्यिक भाषाका विविध प्रयोगहरूको साथै यसले सूक्ष्म र जटिल प्रयोगहरूको पनि विवेचना गर्छ (शर्मा, २०५५) । यस परिभाषा र साहित्य एक-अर्काका परिपूरक वस्तु हुन् । साहित्यलाई नै शैलीवैज्ञानिक ढङ्गले अध्ययन गर्ने काम गर्छ भने साहित्यकै माध्यमबाट शैलीवैज्ञानिक अध्ययनमा भाषा विज्ञानले सहयोग पुऱ्याउँछ । अधिकारीका अनुसार "आजको शैलीविज्ञान भाषाविज्ञानको प्रयोगिक शाखा मात्र नभएर एउटा स्वतन्त्र विधाको रूपमा विकसित भएको छ । यो भाषाविज्ञान र साहित्य शास्त्रको सङ्गमस्थल र भाषावैज्ञानिक साहित्य समालोचनाको रूपमा प्रतिष्ठित विधा भइसकेको छ । यस अर्थमा शैलीविज्ञान अध्ययन भनेको भाषा विज्ञानको एउटा शाखा हो भने यसको नितान्त प्रयोग साहित्य क्षेत्र हो ।

## १.२ शोध समस्या

उपन्यासकार सरुभक्तको चुली उपन्यासको शैलीवैज्ञानिक अध्ययन विश्लेषण हुन नसकेको अवस्थामा यस उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्नु नै एक प्रमुख समस्याको रूपमा लिइएको छ । यसका अतिरिक्त कथानकका आधारमा चुली उपन्यास कस्तो छ ? चुली उपन्यासको पात्रहरूको शैलीैज्ञानिक प्रतिबिम्वन कस्तो छ ? चयन, विचलन, र समानान्तरताका आधारमा चुली उपन्यासको भाषिक व्यवस्था कस्तो छ ? भन्ने कथनलाई अगाडि सारिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत समस्या कथनमा उल्लेख भएका समस्याहरुको समाधानका निम्ति निम्नलिखित उद्देश्यहरु रहेका छन् ।

(क) चुली उपन्यासको कथानकको शैलीवैज्ञानिक आधारमा विश्लेषण गर्नु ।

(ख) चुली उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गिकरण र विश्लेषण गर्नु,

(ग) चयन, विचलन र समानान्तरताका आधारमा चुली उपन्यासको भाषिक विश्लेषण गर्नु ।

## १.४ शोधको औचित्य

भाषा शिक्षणमा साहित्य शिक्षण आफैमा महत्वपूर्ण विषय हो । साहित्यका विविध विधाहरूको आ-आफ्नै भाषिक एवम् साहित्यिक संरचना हुन्छ । शैलीवैज्ञानिक विश्लेषणले साहित्यका विविध विधाहरूलाई एक-अर्कामा अलग्याएर हेर्न सहयोग पुऱ्याउँछ । यसले कृतिको व्यवस्थित र वस्तुगत विश्लेषण गर्ने भएकाले पठनपाठनका दृष्टिले पनि शैलीवैज्ञानिक शोध अध्ययन महत्वपूर्ण हुन्छ । मानव अहंकारको सापेक्षतामा हिमाल सम्बन्धी साहित्य रचना गर्ने अभिप्राय बोकेको यो लघु उपन्यासको शोध अध्ययन गरी विविध वैशिष्ट्य पहिल्याउनु महत्वपूर्ण र आवश्यक कार्यपनि हुन आउँछ । थप शैली वैज्ञानिक शोध गर्न चाहने शोधार्थीहरूलाई पनि टेवा मिल्नेछ । तसर्थ यस्तो जीवन्त उपन्यासको शैलीवैज्ञानिक शोध अध्ययन हुन महत्वपूर्ण छ ।

यस शोध अध्ययनबाट प्रस्तुत उपन्यासको शैली पक्ष (बनोट, बुनोट चयन, विचलन, अग्रभूमि निर्माण र समानान्तरता) को अध्ययन हुने हुँदा महत्पूर्ण हुन्छ ।

## १.५ शोधकार्यको सीमा

वि.सं. २०६८ सालमा फाइन फ्रिन्ट आईएनसी प्रकाशनबाट दोस्रो संस्करणमा प्रकाशित चुली उपन्यासको शोध अध्ययन निम्न लिखित पक्षहरूमा सीमित भएर पूरा गरिएको छ ।

(क) शैली विज्ञान र सिद्धान्तहरूको वर्णन

(ख) चुली उपन्यसाको कथानक विश्लेषण

(ग) चुली उपन्यासको पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण विश्लेषण

(घ) चुली उपन्यासको चयन, विचलन, र समानान्तरताका आधारमा विश्लेषण

## १.६ शोधकार्यको रूपरेखा

कुनै पनि विषयलाई पूर्णता दिन रुपरेखा निर्माण गर्न आवश्यक हुन्छ । रुपरेखाले समग्र शोधकार्य भित्रको विषयवस्तुहरु प्रतिविम्वित गरेको पाइन्छ । यस शोधकार्यको रूपरेखा निर्माण पनि पाँच अध्यायमा गरिएको छ जुन निम्नप्रकार रहेका छन् :

अध्याय एक : परिचय

अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

अध्याय तीन : शोध विधि र अध्ययन प्रकृया

अध्याय चार : व्याख्या विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र शैक्षणिक उपयोगिता

सन्दर्भसूची

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

शैलीविज्ञानले साहित्यिक सिद्धान्त र भाषा सिद्धान्त दुवैलाई स्वीकारेको हुँदा यसमा सैद्धान्तिक स्वरूप तथा मान्यतामा दुवैको समिश्रण पाइन्छ । साहित्यको विश्लेषण गर्ने सम्बन्धमा यसका भाषा केन्द्री र वस्तुवादी मान्यताहरू प्रस्तुत भएका छन् । यस विषयमा प्रसिद्ध भाषावैज्ञानिक रोमन याकोब्सनको धारणा साहित्य प्रति बहिरा बनेका (आँखा चिम्लेका) साहित्य शास्त्री दुवै समान रूपमा आफ्नो समयदेखि पछि परेका छन् भन्ने रहेको छन् । यसले भाषा विज्ञान र साहित्य शास्त्रको मिलनभूमि तयार पारेको छ । यस्तै मिलन बिन्दु भएको हुनाले नै यसलाई साहित्यिक भाषाविज्ञान वा भाषा वैज्ञानिक साहित्य समालोचना पनि भनिन्छ (शर्मा र लुँइटेल (२०६७) । आफ्ना सिद्धान्त र प्रविधि भित्र रहेर साहित्यिक कृतिमा शैलीको रीतिर्पूक र विधिवत अध्ययन, विश्लेषण एवम् व्याख्या गर्नु र मर्म तथा सौन्दर्य बोध गराउनु यसको प्रमुख लक्ष्य हो । शैलीविज्ञानका प्रमुख धाराहरूमा शैलीविज्ञानको प्रारम्भकर्ता आधुनिककालका प्रसिद्ध शैलीवैज्ञानिक फर्डिनान्ड सस्युर र उनका शिष्य चार्ल्स बेलीले भाषिक क्षेत्रभित्र पर्ने अभिव्यञ्जनाका सम्पूर्ण साधनहरूलाई यसको अध्ययन क्षेत्र भित्र राखेका छन् । यसैगरी शैलीविज्ञानको अर्को प्रमुख धारा अभिव्यञ्जनाका सम्पूर्ण साधनहरूलाई यसको अध्ययन क्षेत्र भित्र राखेका छन् । यसैगरी शैलीविज्ञानको अर्को प्रमुख धारा अभिव्यञ्जनावादका प्रणेता र कलावादी चिन्तक वेनेडिट्टो क्रोचेको सौन्दर्यशास्त्रीय चिन्तनबाट प्रेरित तथा प्रभावित भएर लियो स्पिटजरको सौन्दर्यवादी धाराबाट विकसित भएको हो । स्पिटजर तथा उनका अनुयायीहरू भाषालाई मुख्यत कलात्मक अभिव्यक्तिको साधन मान्दछन् र साहित्यिक अभिव्यक्तिलाई कला मानेर वैयक्तिक मनोवैज्ञानिक पद्धतिबाट यसको अध्ययन एवम् विश्लेषण गर्दछन् । डेरिदाले प्रस्तुत गरेको अवधारणा विनिर्माणवादले पनि शैलीविज्ञानको उत्तरवर्ती विकासमा सहयोग पुऱ्याएको छ । विनिर्माणवादले कुनै पाठकलाई विखण्डित र विसंरचित टुक्रा मान्दछ र यसलाई पाठकले आफ्नै किसिमको निर्माण गर्छन भन्ने मान्दछ (खनाल, २०४९) । यस क्रममा एस.पिट.कर्डर (१९९६) ले सिकारुको भाषा सिकाइका त्रुटिको महत्वबारे व्याख्या गरे ।

उनले यस व्याख्याबाट बालकले भाषा सिक्दा आफ्नै प्रकारको आन्तरिक सिलेबस बनाउँछ भन्ने तथ्य सामुन्ने आयो । यस सिलशिलामा सेलिङ्करले (१९७२) ले दोस्रो भाषा सिक्दा सिकारुले भाषाका आन्तरिक व्यवस्थाका रूपमा अन्तर्भाषाको निर्माण गर्दै विस्तारै अघि बढ्छ भन्ने तथ्य प्रस्तुत गरे । भिगोत्सीकीका अनुसार “सिकाइमा सामाजिक अन्तर्किया र सामाजिक सन्दर्भको मुख्य ठाउँ रहन्छ” (अधिकारी (२०७०) । व्यक्तिको संज्ञानात्मक विकास उसले समाजसँग गर्ने अन्तक्रियाका क्रममा नै हुने गर्दछ । भिगोत्स्कीले सामाजिक तहमा हुने सांस्कृतिक विकास (जुन व्यक्ति बीचको अन्तक्रियाको धारको रूपमा रहन्छ) लाई अर्न्तवैज्ञानिक व्यक्ति स्वयममा हुने वैज्ञानिक रचना वा निर्माणलाई आन्तरिक मनोवैज्ञानिक भनि व्याख्या गरेको पाइन्छ । आफ्नो सिद्धान्त र परिधि भित्र रहेर साहित्यिक कृतिहरूको, शैलीको रीतिपूर्वक र विधिवत् अध्ययन विश्लेषण एवम् व्याख्या गर्न र तिनको मर्मको साथमा सौन्दर्यवोध पनि गराउनु यसको प्रमुख उद्देश्य हो ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनैपनि अनुसन्धानलाई सफल बनाउन खोज अनुसन्धानसँग सम्बन्धित यस अघि भएका प्रमुख कार्यहरुको अध्ययनले महत्वपूर्ण सहयोग पुऱ्याउँछ । सम्बन्धित साहित्यको पुनरावलोकन भन्नाले समान विषयमा यो भन्दा अगाडि भए गरेका कार्यहरूको सबल र दुर्बल पक्षहरूको विश्लेषण गर्ने कार्य हो । यसले आफूले कार्य गर्नु भन्दा अगाडिका समान कार्यसँग सम्बन्धित नकारात्मक पक्षहरूलाई त्यागदै सकारात्मक पक्षको अनुकरण गर्न अनुसन्धानकर्तालाई प्रेरित गर्दछ । यो शोध कार्य उपन्यासकार सरुभक्तको चुली उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहेकाले सम्बन्धित साहित्यको पुनरावलोकन पनि यसै विषयको सेरोफेरोमा रहेर गरिएको छ ।

शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैलीविज्ञानिक अध्ययनको सुरुवात वि.सं. २०५६ मा डि.वी. थापा शोधार्थी रहेको तीनघुम्ती उपन्यासको अध्ययनबाट भएको हो (थापा, २०५६) ।

यसैगरी त्रि.वि. कीर्तिपूर नेपाली शिक्षा विभागबाट २०५९ मा कृष्णचन्द्र सापकोटाले माइतघर उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरेका छन् ।सात परिच्छेदमा विभाजित प्रस्तुत शोध अध्ययनमा भाषिक एवम् संरचनात्मक शैलीविज्ञानको विश्लेषणात्मक पद्धति अंगालिएको छ । यस शोधपत्रमा कृतिको विश्लेषण गर्ने शैलीवैज्ञानिक आधार प्रस्तुत गर्दै कथानक, चरित्र, चयन विचलन र समानान्तरताका आधारमा विश्लेषण गरिएको छ । करुण

रस, अङ्गी रस, तथा श्रृङ्गार रस र अङ्ग रसरूपमा प्रयुक्त उपन्यासमा कोशीय, व्याकरणिक, अर्थतात्विक तथा ध्वनि तात्विक प्रकृयात्मक विचलन प्रमुख रूपमा रहेको निष्कर्ष निकालिएको छ ।

यसैगरी २०६१ मा राजेन्द्र खनालले मुगलान उपन्यासको शैलीवैज्ञानिकअध्ययन गरेका छन् । विभिन्न छ अध्यायहरुमा विभाजीत प्रस्तुत शोध अध्ययनमा पुस्तकालयीय र छलफल विधि अपनाइएको छ । यसमा शोध परिचय शैलीविज्ञानको परिचय, कृति विश्लेषणको प्रक्रिया, कथानक चरित्र र भाषिक विश्लेषणका साथ अध्यायगत निष्कर्ष तथा कृतिको निष्कर्षात्मक मूल्याङ्कन गरिएको छ । पात्रहरुको आकर्षक उपस्थिति, प्रशस्त विचलनयुक्त भाषिक प्रयोग सबल अग्रभूमि निर्माण, रेखीय कथानक तथा करुणरस प्रबाहले उपन्यास रुचिपूर्ण र सफल रहेको निष्कर्ष निकालिएको छ ।

पन्थी (२०६३) द्वारा बसाइँ उपन्यासको शैली वैज्ञानिक अध्ययन शीर्षकमा अध्ययन गरिएको छ । उक्त शोधपत्रमा बसाइँ उपन्यासको कथानकको विश्लेषण गर्नु, पात्रलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण विश्लेषण गर्नु साथै चयन विचलन र समानान्तरताका आधारमा बसाइँ उपन्यासको भाषिक विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको छ । उक्त शोधकार्यमा विभिन्न सामग्रीहरुको विश्लेषणका लागि पुस्तकालयीय विधिलाई अवलम्बन गरिएको छ । बसाइँ उपन्यासलाई साहित्यिक संरचना अर्न्तगत बनोट र बुनोट शैलीअर्न्तगत चयन, विचलन, समानान्तरता, विविधता र भाषा संरचना अर्न्तगत ब्याकरण, शब्द र ध्वनि व्यवस्थाका आधारमा विश्लेषण गरिएको छ । यसका साथै उपन्यासलाई शैलीवैज्ञानिक दृष्टिबाट पात्रहरुको विश्लेषण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, आसन्नता, आवद्वता र जीवन चेतनालाई प्रमुख आधार मानिएको छ । समग्रमा शैलीवैज्ञानिक दृष्टिकोणले बसाइँ उपन्यास उपर्युक्त र औचित्यपूर्ण नै देखिन्छ भने निष्कर्ष निकालिएको छ ।

दाहाल (२०५८) द्वारा नरेन्द्र दाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा अध्ययन गरिएको छ । उक्त शोधपत्रमा नरेन्द्र दाइ उपन्यासको कथानक विश्लेषण गर्नु, पात्रलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण विश्लेषण गर्नु साथै चयन विचलन र समानान्तरताका आधारमा नरेन्द्र दाइ उपन्यासको भाषिक विश्लेषण गर्ने उद्देश्य राखिएको छ । उक्त शोधकार्यमा विभिन्न सामग्रीहरुको विश्लेषणका लागि पुस्तकालयीय अध्ययनलाई अवलम्बन गरिएको छ । उक्त शोधकार्यमा नरेन्द्र दाइ उपन्यासलाई साहित्यिक संरचना

अर्न्तगत बनोट र बुनोट शैली अर्न्तगत चयन विचलन, समानान्तरता, विविधता र भाषा संरचना अर्न्तगत व्याकरण, शब्द र ध्वनि व्यवस्थाका आधारमा विश्लेषण गरिएको छ । यसका साथै उपन्यासलाई शैलीवैज्ञानिक दृष्टिबाट पात्रहरुको विश्लेषण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वाभाव, आसान्नता, आबद्वता, जीवनचेतनालाई प्रमुख आधार मानिएको छ । समग्रमा शैलीवैज्ञानिक दृष्टिकोणले नरेन्द्र दाइ उपन्यास उपयुक्त र औचित्यपूर्ण नै देखिन्छ भनि निष्कर्ष निकालिएको छ ।

पुडासैनी (२०६२) द्वारा नेपाली राजेश्वरी खण्ड काव्यको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा अध्ययन गरिएको छ । उक्त शोधपत्र शैलीवैज्ञानिकको सैद्धान्तिक अवधारणाको चर्चा गर्न, खण्डकाव्यको कथानक, पात्र, दृष्टिविन्दु, उद्देश्यहरुलाई शैलीवैज्ञानिक विश्लेषण र वर्गीकरण गर्नुका साथै चयन, विचलन र समानान्तरका आधारमा उक्त खण्डकाव्यको विश्लेषण गर्नु भनि उद्देश्य राखिएको छ । उक्त शोधपत्रमा विभिन्न सामग्रीहरुको विश्लेषणका लागि पुस्तकालयीय अध्ययनलाई अवलम्बन गरिएको छ । उक्त शोधपत्रमा राजेश्वरी खण्डकाव्यलाई साहित्यिक संरचना अर्न्तगत बनोट, बुनोट शैली अर्न्तगत चयन विचलन, समानान्तरता विविधता र भाषा संरचना अन्तरगत व्याकरण, शब्द र ध्वनि व्यावस्थाका आधारमा विश्लेषण गरिएको छ । समग्रमा शैलीवैज्ञानिक दृष्टिकोणले खण्डकाव्य उपयुक्त र औचित्यपूर्ण नै देखिन्छ भनि निष्कर्ष निकालिएको छ ।

उपन्यासको क्षेत्रमा माथि उल्लेखित उपन्यासको शैलीवैज्ञानिक अध्ययन विश्लेषण भएको पाइन्छ । यसै परिप्रेक्ष्यमा चुली उपन्यासको शैलीवैज्ञानिक अध्ययन अर्को महत्वपूर्ण शोधकार्य भएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

अगाडि भए गरेका कार्यहरूलाई फर्केर हेर्ने र पुन : विश्लेषण गरी अहिले अध्ययन गर्ने विषयसँग सम्बन्धित रही निष्कर्ष दिन गरिने अवलोकन नै पुनरावलोकन हो । पृष्ठभूमि नभए कुनै पनि अध्ययन अनुसन्धान प्रमाणिक बन्न नसक्ने हुँदा तथ्यगत रूपमा अध्ययन विश्लेषण गर्न सम्बन्धित साहित्य र सैद्धान्तिक साहित्यको पुनरावलोकनले महत्वपूर्ण भूमिका खेल्दछ । सम्बन्धित साहित्यको अध्ययन भिन्नै स्रष्टा र भिन्नैकृतिको भएको र चुली उपन्यासमा नै शैलीवैज्ञानिक अध्ययन गर्ने प्रयत्न गरिएकाले पहिलेको भन्दा यो अनुसन्धान फरक भएको छ । यस विषयमा पूर्वसाहित्यले समेट्न नसकेको खाडल वा अन्तर भनेको

सष्टाहरूको आ-आफ्नै लेखकीय शैली हुने भएकाले अध्ययन विश्लेषणमा पनि फरक भएको छ ।

## २.४ अवधारणात्मक ढाँचा

शैलीविज्ञानको सैद्धान्तिक अवधारणात्मक ढाँचा भन्नाले अनुसन्धानको सुरुदेखि अन्त्यसम्मको उद्देश्यपूर्ण पाटो हो । कुनै पनि कृतिको शैलीवैज्ञानिक विवेचना गर्नका लागि सैद्धान्तिक अवधारणात्मक ढाँचा तयार गर्नु आवश्यक हुन्छ । यिनै सैद्धान्तिक अवधारणात्मक ढाँचाको सहायताले कृतिको व्यवस्थित, कम्रिक र वस्तुनिष्ठ विवेचना गर्न सकिन्छ । शैलीविज्ञानको सैद्धान्तिक आधार शर्मा, (२०५९), मा यसको ढाँचा तयार पारिएको छ । यस ढाँचालाई निम्नानुसार राखिएको छ ।

### २.४.१ परिचय र परिभाषा

शैली पूर्वमा संस्कृत शब्दबाट निर्माण भएको मानिन्छ । शील धातुबाट व्यत्पन्न भएर निर्माण भएको शी धातुबाट एवं लक प्रत्ययको योगबाट व्युत्पन्न भएको पनि मानिएको छ । समालोचनाका फाँटमा निकै चर्चामा आएको शैली शब्द अङ्ग्रेजी स्टाएल शब्दको नेपाली रूपान्तर हो । अङ्ग्रेजी स्टाएल शब्दको व्युत्पति ल्याटिन स्टुलस शब्दबाट गरिन्छ (शर्मा, २०५९-२) ।

परिभाषा पूर्वीय र पाश्चात्य दुबै थरी काव्य शास्त्रमा शैलीलाई एउटा काव्यात्मक घटकका रूपमा शैलीलाई हेर्ने विभिन्न दृष्टिकोण र मान्यताको विकास भयो । फलस्वरूप शैलीका विविध परिभाषाहरू पाइन्छन् ।

फान्सेली विद्वान कोम्त द बुफोका अनुसार शैली भनेको व्यक्ति स्वयम हो । यो कृतिकारको बौद्धिक अभ्यासको प्रतिफल हो । अर्का विद्वान लियो स्पिट्जरले शैलीलाई मनोवैज्ञानिक दृष्टिकोणबाट हेरेर यसको वैज्ञानिक अध्ययनका आधारहरू खोज्ने काम गरेका छन् ।

शैलीका परिभाषाहरूका रूपमा मूलत : निम्नलिखित अवधारणाहरू प्रसिद्ध हुन् ।

१. शैली चयन हो ।

२. शैली मानकबाट विचलन हो ।

३. शैली अन्तर्वाक्यीय वैशिष्ट्य हो (नेपाल, २००९) ।

### २.४.२ शैलीविज्ञानको परिचय र परिभाषा

'शैली' शब्द 'शील' धातुबाट निर्मित शैलीको अर्थ ढङ्ग, परिपाटी, तरिका, रीति, मार्ग आदि हुन्छ । पाश्चात्य जगतमा ल्याटिन भाषाको लेखनी बोधक 'स्टिलस' शब्दबाट हालको स्टायल शब्द बनेको देखिन्छ, जसको अर्थ भाषिक अभिव्यक्तिको प्रकार भन्ने हुन्छ ।

शैलीविज्ञानमा भाषावैज्ञानिक दृष्टिको साहित्यिक वा साहित्येतर कृतिहरूको अध्ययन हुन्छ । शैलीविज्ञानलाई साहित्यिक भाषाविज्ञान, साहित्यिक शैलीविज्ञान प्रयोगात्मक समीक्षा, शैलीवैज्ञानिक आलोचना, साहित्यको संरचनात्मक व्याख्या, साहित्यको वैज्ञानिक आलोचना,

आदि नामहरूले चिनिन्छ (शर्मा २०५९ : २) ।शैलीविज्ञान सम्बन्धी विभिन्न विद्वानहरूले आ-आफ्नो मत अगाडि देखाउन सकिन्छ : रुकैया हसनका अनुसार शैलीविज्ञान साहित्यिक भाषाको अध्ययनसँग सम्बन्धित ज्ञानानुशासन हो (ढुङ्गेल र दाहाल : २०५८ : १०९) । अर्का विद्वान एच.जी. विजेसनका अनुसार शैलीविज्ञानले साहित्यिक संङ्कथनलाई भाषावैज्ञानिक तरिकाले गरिने अध्ययन गर्दछ । शैलीविज्ञानको परिभाषा दिने क्रममा हिन्दीका विद्वान रवीन्द्र श्री वास्तवका अनुसार शैलीविज्ञान साहित्यिक आलोचनाको सिद्धान्त पनि हो र प्रणाली पनि । सिद्धान्तको रूपमा यसको दृष्टि भाषावादी हुन्छ । भाषावादी सिद्धान्तका रूपमा यसको प्रमुख मान्यता साहित्य ‘शाब्दिक कला हो र कृतिका रूपमा साहित्यिक रचना भाषाको आफ्नो सीमामा बाधिएको एक स्वनिष्ठ एकाइ हो भन्ने रहेको छ (ढुङ्गेल र दाहाल, २०५८ : १२२) । शैलीविज्ञानले साहित्यिक कृतिको संरचना, बनोट आदिलाई खोतल्छ र विश्लेषणद्वारा त्यसमा अन्तर्निहित कला, सौन्दर्य र साहित्यिकताको उद्घाटन गर्छ (ढुङ्गेल र दाहाल : २०५८ : १२९) । यसरी भाषाविज्ञानको महत्वपूर्ण शाखा प्रयोगिक भाषाविज्ञानको क्षेत्रभित्र रहेको शैलीविज्ञान निश्चय नै अत्याधुनिक युगमा विकसित भएका नवीनतम शास्त्र हो तथापि पूर्व र पश्चिम दुवै तर्फ यसको परम्परागत पुरा नै गोरेटो भेट्न सकिन्छ ।

शाब्दिक रूपमै शैलीविज्ञान तथा शैली भनेर चिनाइएको नभएता पनि भाषा पक्षको विषद विवेचना पाइन्छ । पूर्वीय आचार्यहरू भरत, भामह, दण्डी, वामन, आनन्दवर्द्धन, कुन्तक, क्षेमेन्द्र आदि तथा पश्चिममामा विद्वानहरू प्लेटो, अरस्तु, सिसेरो, डायनोसियस, क्विटिलियन आदिले भाषापरक व्याख्या विवेचना गरेको पाइन्छ ।

शैलीविज्ञानको कृति विश्लेषण प्रकृया अनुसार यसले कुनै पनि कृतिको बाह्य पक्षको विश्लेषण गर्दै त्यसको आन्तरिक पक्षतिर अघि बढ्छ र त्यसभित्र रहेको सौन्दर्य पक्षलाई उजागर गर्ने प्रयत्न गर्दछ । शैलीविज्ञानको समालोचनात्मक प्रकृति नै कृतिको बाह्य तहबाट गहन तहमा प्रवेश गर्ने रहेको छ । “शैलीविज्ञानले कृतिको अमूर्त आकारलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामार्थ्य दिन्छ” (शर्मा २०५९ : ५) ।

उपर्युक्त कुरालाई प्रस्ट पार्न मोहनराज शर्माले निम्नलिखित तालिका प्रस्तुत गरेका छन् :

शैलीविज्ञानले भाषाविज्ञानमा उपलब्ध उपकरणका मद्धतले कुनै कृतिमा अन्तर्निहित शैलीको विश्लेषण गर्दछ । शैली विश्लेषण प्रकृयाको क्षेत्रमा सबै प्रविधिहरूको विषयमा शैलीविज्ञानिकहरूले आधुनिक समयमा नवीन खालका प्रकृयाहरूको विकास गरेका छन् ।

## २.४.३ शैलीविज्ञानका प्रकार

अङ्ग्रेजी 'स्टायल' शब्दको समानार्थी रूपमा शैलीलाई लिइन्छ । शैलीले सामान्यतया तरिका वा ढाँचालाई बुझाउछ । सामान्य र विशिष्ट गरी शैलीलाई दुईप्रकारबाट विभाजन गर्न सकिन्छ :

### २.४.३.१ सामान्य शैलीविज्ञान

सामान्य शैलीले भाषिक शैलीलाई जनाउँछ । सामान्य शैलीमा सरल प्रकृतिको भाषिक प्रयोग हुन्छ । यो वस्तुपरकता र तथ्यहरूमा आधारित हुन्छ । यो शैली साधारण जानकारी वा सूचनात्मक प्रकृतिको हुन्छ । अर्थका दृष्टिले पन सरल किसिमको हुन्छ । साहित्येत्तर अभिव्यक्ति सम्बन्धी अध्ययनलाई सामान्य शैलीविज्ञान अन्तर्गत राखिन्छ । यसमा सामान्य भेदअन्तर्गत राखिन्छ । यसमा सामान्य भेद र स्तरीय भेद, अनौपचारिक र औपचारिक भेद, मौखिक र लिखित भेद, स्थानीय भाषिका र सामाजिक भाषिकागत भेदमा अभिव्यक्त सङ्गठनहरूको भाषिक अध्ययन विश्लेषण गरिन्छ । यिनको अध्ययन भाषाका वर्ण, रूप, शब्द भण्डार पदावली उपवाक्य र वाक्यका विभिन्न तह र तिनको छनोट र संरचनाका साथै सङ्कथन ढङ्ग, ढाँचा र शैलीगत समग्रतालाई लिइएको हुन्छ (शर्मा, २०४८) ।

### २.४.३.२ साहित्यिक शैलीविज्ञान

साहित्यिक शैलीविज्ञान पनि भाषाका खास भेदको अध्ययन नै हो । साहित्य भाषाकै विशिष्ट स्वरूप भएकाले यसको नाम साहित्यिक शैलीविज्ञान जुराइएको हो । हेमाङ्गराज अधिकारीको विचारमा साहित्यिक शैली विज्ञानले साहित्यको भाषावादी विश्लेषण गर्दछ । यसले साहित्यको वस्तुवादी अध्यन गर्दछ । भाषाको अध्ययन गर्ने सन्दर्भमा भाषिक एकाइहरू वर्ण देखि सङ्कथन सम्मको अध्ययन गर्दछ । यो भाषिक अध्ययनका सन्दर्भमा साहित्यिक कला सिर्जनामा भाषाको उपयोगको अध्ययन गर्नुका साथै साहित्यिक कृतिको बाह्य (वस्तुपक्ष) बाट अन्तस्तल (भाव पक्ष) मा पुग्ने प्रक्रियाको अबलम्बन गर्दछ । यसले साहित्यको कृतिपरक अध्ययन गर्दछ । यसक्रममा कृतिका बनोट र बुनोटका विविध पक्षको अध्ययन गर्न यसको विशेषता हो । यो भाषाविज्ञन र सौन्दर्य शास्त्रको समन्वित प्रयोग ( पौडेल, २०५५) हो ।

माथिका विशेषताका आधारमा साहित्यिक शैलीविज्ञानलाई साहित्यिक रचनाको साङगपाङ्ग अध्ययन गर्ने पद्धितिका रूपमा चिन्न सकिन्छ । कुनै कृतिको मूल्य कस्तो छ भन्ने कुरा त्यस कृतिभित्र निहित भाषिक सामग्रीहरूको वस्तुगत विश्लेषणबाट पहिल्याउन सकिन्छ । यसमा भाषिक उपकरणहरूको छनोट, संयोजन, प्रस्तुति र समग्रतालाई हेरिन्छ ।

## २.४.४ कृति विश्लेषणको सैद्धान्तिक आधार

शैलीविज्ञानको सैद्धान्तिक र प्रविधिगत ढाँचाका आधारमा कृतिको व्यवस्थित, क्रमिक र वस्तुनिष्ठ अध्ययन गर्न सकिन्छ । शैलीवैज्ञानिक विश्लेषणका लागि विश्लेषकले विभिन्न पक्षहरूमा ध्यान दिनु आवश्यक हुन्छ । शैलीविज्ञानले उपलब्ध उपकरणका आधारमा कृति विश्लेषणको प्रारूप तयार गर्दछ ।

कुनै पनि कृतिको अध्ययन विश्लेषणका लागि सम्बन्धित विषयको बारेमा अध्ययन कर्ताले सम्पूर्ण ज्ञान हासिल गरेको हुनुपर्दछ । अध्ययनीय विषयको सीमा निर्धारण गर्नुका साथै आलोचना कृतिको संरचनात्मक स्वरूप र भाषावैज्ञानिक पक्षको प्रकृति तथा सम्बन्धित कृतिको भाषाको बारेमा पनि स्पष्टत : जानकारी प्राप्त गरेको हुनुपर्दछ । गद्य र पद्य गरी दुई तरिकाबाट साहित्य सिर्जना गरिएको हुन्छ ।

पद्य साहित्यको विश्लेषणका लागि लयगत संरचना, भावगत स्वरूप, ढाँचागत विश्लेषण आदिलाई महत्वपूर्ण मानिन्छ भने गद्य साहित्यका लागि कथावस्तु, कथानक, चरित्र, वातावरण, भाषा, संवाद, उद्देश्य आदिलाई महत्वपूर्ण मानिन्छ ।

कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्दा पाश्चात्य माध्यताबाट मात्र नभई पूर्वीय भाषिक सम्प्रदाय तथा पद्धतिद्वारा पनि शैलीवैज्ञानिक अध्ययन गर्न सकिन्छ । “शैलीविज्ञानले समालोचना वा मूल्याङ्कनका निमित्त कृतिको विश्लेषण निम्नलिखित प्रकृयाबाट गर्छ (शर्मा, २०५९ : ६) ।कृतिको भाषिक प्रयोगको शैलीवैज्ञानिक विश्लेषण गर्दा विभिन्न प्रक्रियाहरूबाट गर्न सकिन्छ :

शैली विज्ञानले समालोचना व मूल्याङ्कनका निम्ति कृतिको विश्लेषण निम्नलिखित प्रक्रियाबाट गरिन्छ :

<table>
<tr><td rowspan="8">कृति</td><td rowspan="2">साहित्यिक संरचना</td><td>(क) बनोट</td></tr>
<tr><td>(ख) बुनोट</td></tr>
<tr><td rowspan="3">शैली</td><td>(क) चयन</td></tr>
<tr><td>(ख) अग्रभूमि निर्माण<br>(अ) समानान्तरता<br>(आ) विचलन</td></tr>
<tr><td>(ग) विविधता</td></tr>
<tr><td rowspan="3">भाषा-संरचना</td><td>(क) ध्वनि व्यवस्था</td></tr>
<tr><td>(ख) शब्द व्यवस्था</td></tr>
<tr><td>(ग) व्याकरण व्यवस्था</td></tr>
</table>

### २.४.४.१ साहित्यिक संरचना

प्रत्येक साहित्यिक कृतिको आफ्नो संरचना हुन्छ । संरचना भनेको कुनै वस्तुको अङ्ग, प्रत्यङ्ग, घटक, उपघटक आदिको संयोजन हो । कृतिको सिङ्गो संरचनाभित्र विभिन्न घटक तथा उपघटकहरू क्रमबद्ध रूपमा रहेका हुन्छन् । भाषिक संरचना साहित्य निर्माणको आधार सामग्री हो भने साहित्यिक संरचना त्यसको निर्माण हो । कृतिमा निहित घटकहरूको

आ-आफ्नो किसिमको क्रम श्रेणी हुन्छ । साहित्य संरचना भित्र पनि मूलत : दुई तह रहेका हुन्छन् ।

(क) बनोट

साहित्यिक कृतिहरूमा रहेका साना घटनाहरूको समग्र स्वरूप नै बनोट हो । कृति भित्र समावेश नभएका अङ्ग, भाग, दृश्य, संवाद, परिच्छेद , प्रसङ्ग घटना आदि जस्ता साहित्यिककृतिगत घटकहरूको सिङ्गो रूप नै बनोट हो । शैलीविज्ञानले यस्ता खालका घटकहरूको वर्णन विश्लेषण गर्दै कृतिको अमूर्त बनोटलाई मूर्त रूपमा प्रस्तुत गर्दछ ।

(ख) बुनोट

कृतिको आन्तरिक तहमा संरचित स्वरूपको समष्टि रूप बुनोट हो । बुनोटका पर्याधारमा पाइने लघु घटकहरूको विचमा अन्तरसम्बन्ध रहेको हुन्छ । यो कृतिको स्वरूप तथा सौन्दर्यसँग सम्बन्धित हुन्छ । बुनोट बनोटझैं मूर्त नभएर अमूर्त प्रकृतिको हुन्छ । चरित्र, कथन, प्रतीक, छन्द, अलङ्कार, योजना, छन्द विधान आदिको वर्णन विश्लेषण गर्दै शैलीवैज्ञानिक विवेचना गर्ने काम बुनोट भित्र गरिन्छ ।

**भाषा संरचना**

कुनै पनि कृतिको माध्यम वा आधार सामग्री भाषा हो र भाषाको आफ्नै संरचना हुन्छ । भाषा क्रमशः तल्लो श्रेणीबाट माथिल्लो श्रेणी तिर सोपान क्रमिक रूपबाट निर्मित हुन्छ । अथवा भाषाको व्याकरणिक व्यवस्थासम्म पुग्नको लागि ध्वनि, वर्ण, अक्षर, रूप, शब्द, पद, पदावली, उपवाक्य र वाक्य हुँदै अघि बढिन्छ । मूल रूपमा भाषाका संरचक घटकहरूको निम्न तिन किसिमबाट परिचय दिन सकिन्छ :

(क) व्याकरण व्यवस्था : भाषाको व्याकरण व्यवस्था त्यस भाषाको माथिल्लो तह हो । यस भित्र रूप प्रक्रिया र वाक्य विज्ञान पर्दछन् ।

(ख) शब्द व्यवस्था : भाषाको व्याकरण व्यवस्था त्यस भाषाको माथिल्लो तह हो भने शब्द व्यवस्था त्यो भन्दा तल्लो तह हो । भाषाको रूप पक्षसँग र आर्थिक पक्षसँग सम्बन्धित हुने भएकाले यसलाई रूप प्रक्रिया र अर्थ विज्ञानसँग सम्बन्धित भाषिक संरचना भनिन्छ ।

(ग) ध्वनि व्यवस्था : ध्वनि व्यवस्था भाषाको न्यूनतम एकाइ हो । यस भित्र खण्डीय र खण्डेत्तर ध्वनि व्यवस्था हुन्छ । भाषाको व्यवस्थागत उद्गम विन्दु ध्वनि भएकाले यो भाषाको आधारभूत व्यवस्था परम्परा भित्र समाहित रहन्छ । यसरी शैलीविज्ञानले उपर्युक्त प्रमुख भाषिक संरचनागत व्यवस्थाभित्र रहेर सबै तहहरूमा कृतिको व्याख्या विश्लेषण गर्दछ ।

### २.४.४.२ **शैली**

सामान्य अर्थमा कुनै पनि कुरालाई प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ । शैली शब्दलाई 'रीति' शब्दले पनि उद्भाषित गरेको पाइन्छ । शैली प्रत्येक व्यक्तिमा वैयक्तिक हुने गर्दछ अथवा व्यक्ति पिच्छे शैलीमा पनि फरकपन देखिन्छ । एउटा प्रकरणको तरिका नै शैली हो र यसको वैज्ञानिक ढङ्गले अध्ययन गर्ने विज्ञानलाई शैलीविज्ञान भनिन्छ (अधिकारी : २०६५) ।

शैलीविज्ञानले पहिचान गर्ने शैलीका सूत्रगत पक्षहरूलाई मुख्य रूपमा निम्नानुसार देखाउन सकिन्छ :

(क) चयन

चयन भन्नाले छनोटलाई बुझिन्छ जुन उपयुक्त तथा प्रभावकारी भूमिकाका साथ कृतिमा प्रयोग हुन सकोस् वा कृतिकारले उपलब्ध विभिन्न विकल्पहरू मध्येबाट गरिने कुनै एक विकल्पको छनोट नै चयन हो । पाश्चत्य शाहित्यशास्त्रमा 'चयन' सम्बन्धी अवधारणा सर्वप्रथम कोरिनाद्वारा पिण्डारलाई दिइएको यस निर्देशनमा पाइन्छ । 'बीउ बोराबाट हातले निकालेर छर्नुपर्दछ, बोरा सहित होइन' अर्थात रचनाको रचना धर्मिता त्यसको छनोटमा हुन्छ । जसको लागि रचनाकार विशेष रूपमा सजग रहेको हुन्छ ।

कृतिगत शैलीको पहिचान गर्न र सो आधारमा कृतिको मूल्याङ्कन गर्नका लागि चयनको भूमिका महत्वपूर्ण हुन्छ । लिचका अनुसार शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भनिन्छ। जस्तै 'महत्वपूर्ण' लाई जनाउने शब्दहरू उपर्युक्त प्रभावकारी, उपलब्धिमूलक, प्रभावोत्पादक, मर्मस्पर्शी, अस्वाद्य, पारदर्शी, सुपाच्य, वान्छनीय, आवश्यक, मनमोहक, सर्वस्वीकार्य आदि विकल्पहरू मध्ये कुनै एकको छनोट गर्ने काम चयन हो । कृतिकारले सन्दर्भअनुसार आफ्ना लागि उपर्युक्त विकल्प छनोट गर्दछ । विकल्पहरूको

चयनमा एकको कार्यका लागि अर्काको काम चलाउन सक्ने स्थिति हुनुपर्दछ । अर्थात विकल्पहरू समानान्तर वा समस्तर प्रकृतिका हुनु आवश्यक हुन्छ । वर्ण, रूप अक्षर, शब्द, पदावली, उपवाक्य वा वाक्य जस्ता एकाइका समान तहमा मात्र नभएर उच्च निम्न श्रेणीमा पनि विकल्पहरू हुन सक्दछन् अर्थात् रूपको विकल्प शब्द, शब्दको विकल्प पदावली, पदावलीको विकल्प उपवाक्य पनि हुन सक्छ । यसरी विशेषत : साहित्यिक रचनामा विकल्पहरूको चयनको उद्देश्य सार्थकता एवम् नवीनताको सृजना गर्नु हो ।

भाषिक चयन विभिन्न विद्वानहरूले विभिन्न प्रकारबाट गरेपनि प्रमुख प्रकारलाई निम्नानुसार देखाउन सकिन्छ :

(अ) शब्द चयन

भाषामारूप वा रूप समष्टि-युक्त एकाइ शब्द हो । यो भाषाको अर्थ सापेक्ष एकाइ हो । भाषिक अभिव्यक्तिको आधारभूत एकाइ वाक्यको निर्माणका सन्दर्भमा शब्दले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । भाषाका एउटै अर्थ वा भावलाई व्यक्त गर्ने अनेक शब्दहरू रहेका हुन्छन् । त्यस्ता शब्दहरूमध्येबाट रचनाकारले उपयुक्त र सार्थक शब्द छनोट गर्दछ । त्यसलाई नै शब्द चयन भनिन्छ ।

(आ) वाक्य चयन

भाषिक अभिव्यक्तिको सन्दर्भमा वाक्य आधारभूत एकाइ मानिन्छ भने व्याकरणिक हिसावले पूर्ण र स्वतन्त्र एकाइ मानिन्छ । भाषिक अभिव्यक्तिलाई सार्थक र जीवन्त बनाउन वाक्य अपरिहार्य मानिन्छ । निश्चित अर्थ वहन गर्न सक्षम वाक्यको चयन आवश्यक अनि महत्वपूर्ण हुन्छ ।

चयन मुख्य दुई प्रकारको उल्लेख गरिएता पनि अन्य पक्षहरूको भूमिकालाई नकार्न सकिदैंन । जस्तै : व्याकरणिक चयन, विम्वप्रतिकको चयन, स्रोतागत शब्दचयन, उखान टुक्काको चयन, परिभाषिक शब्दचयन, सांस्कृतिक सामाजिक परिवेशको चयन, चिह्नको चयन, पर्यायवाची चयन, रूपान्तरणात्मक चयन, आदि भिन्न चयनहरू कृतिमा रहेका हुन्छन् । यस्ता विविध खालका चयनको व्याख्या तथा विश्लेषण शैलीवैज्ञानिक अध्ययनले गर्दछ ।

(ख) अग्रभूमि निर्माण

रचनाको कुनै भागलाई विशिष्ट तुल्याउन त्यो भागमा विशेष बल दिनु नै अग्रभूमि निर्माण हो(शर्मा, २०५९) । धेरै पुनरावृत्तिले यान्त्रिक वा रुढ हुन पुगेका प्रयोगलाई हटाएर प्रयोगमा नवीनता दिनु नै अग्रभूमि निर्माण हो । कृति विश्लेषणका लागि शैली विज्ञानको क्षेत्रमा "अग्रभूमि निर्माण सम्बन्धी धारणाको प्रवर्तन १९३० मा जे मुकारोभ्स्कीले गरेका हुन् । प्रस्तुति पश्चभूमि वा मध्य भूमिभन्दा बढी मुखर, सुस्पष्ट र ध्यानाकर्षण हुन्छ" (शर्मा, २०५५ : ५५१) ।

अग्रभूमि निर्माणद्वारा भाषिक अभिव्यक्ति सार्थक र सौन्दर्यपूर्ण हुने हुँदा भाषा आकर्षक र आलाङ्कारिक बन्न पुग्दछ । आकर्षक भाषिक प्रयोगले गर्दा रचना पाठकमाझ लोकप्रिय बन्नुका साथै नयाँ छाप छोड्दछ । त्यसैलाई अग्रभूमि निर्माणको सफल प्राप्ति मानिन्छ ।

"साहित्यिक कृतिमा अग्रभूमि निर्माण भनेको अभिव्यक्तिका माध्यमबाट कुनै भङ्गिमाको वक्ताद्वारा तिख्याउनु वा उद्याउनु हो" (शर्मा, २०५९ : २१)। अग्रभूमि निर्माण दुई तरिकाबाट गर्न सकिन्छ :

(ग) समानान्तरता

"समानान्तरता भनेको भाषा प्रयोगमा देखिने नियमित पुनरावृत्ति हो" (ढुङ्गेल र दुर्गाप्रसाद २०५८ : १३८)।

भाषा प्रयोगमा देखिने यस प्रकारको पुनरावृत्ति भाषाको वर्ण, छन्द, अलङ्कार, स्वनिम, अक्षर, वाक्य, उपवाक्य, सङ्कथन, अर्थ आदि भाषिक एकाइहरूमा हुने गर्दछ । विचलनका विपरित देखापर्ने उपकरणका रूपमा समानान्तरतालाई लिइन्छ किनभने विचलनमा अनियमितता रहेको हुन्छ भने समानान्तरतामा अतिरिक्त नियमितता रहेको हुन्छ । साहित्यिक कृतिलाई आकर्षक र सौन्दर्यत्मक तुल्याउन समानान्तरतालाई अति आवश्यक उपकरणका रूपमा लिइन्छ । साहित्यिक कृतिमा वर्णमा अर्थमा दुबै खालका संरचनाको पुनरावृत्तिमूलक भाषिक प्रयोगबाट साहित्यिक कृति आकर्षक बन्दछ । त्यसैले रचनाकारले आफ्नो रचनामा समानान्तरता मूलत : दुई किसिमबाट गर्ने गर्दछ ।

### १. बाह्य समानान्तरता

साहित्य कृतिको आवरण पक्ष (वर्ण, मात्रा, द्वन्द्व, लय) सँग सम्बन्धित पुनरावृत्ति बाह्य समानान्तरता हो । त्यसको प्रकृति मूर्त किसिमको हुन्छ । “एक वा एकभन्दा बढी स्वनिम, शब्द, पदसमूह, वाक्य आदिको पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ” (शर्मा २०५५ : ५५३) ।

### २. आन्तरिक समानान्तरता

“अर्थ वा भाव स्तरको आवृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ र बाह्य रूपाकृतिको आवरणभित्र हुनाले यो सुक्ष्म प्रकृतिको हुन्छ” (शर्मा २०५५ : ५५३) ।

(ख) विचलन

मानकको अतिक्रमण वा उलङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०५९ : २८७) ।विचलनलाई समानान्तरताको विपरित उपकरणका रूपमा लिइन्छ । विचलन सार्थक र अर्थयुक्त हुनुपर्दछ । जब कुनै कुरा सामान्य प्रचलनबाट सिर्जनात्मकता तर्फ ढालिन्छ, त्यसबेला भाषाविचलनका रूपमा देखापर्दछ । विचलनयुक्त भाषिक प्रयोगले साहित्यिक कृतिहरू गम्भीर आलङ्कारिक, सुन्दर र कलात्मक देखिन्छन् । साहित्यिक भाषा र अन्य भाषाबीचको भिन्नता छुट्याउने कार्य विचलनले गर्दछ ।

कोशीय विचलन, व्याकरणिक विचलन, ध्वनिप्रतिक्रियात्मक विचलन अर्थतात्विक विचलन, भाषिक विचलन, प्रयुक्ति विचलन, लेख्यप्रक्रियात्मक विचलन जस्ता भाषिक अभिव्यक्तिका क्रममा विचलन हुने गर्दछ ।

(अ) कोशीय विचलन

शब्दकोशमा समावेश नभएका शब्दहरू स्रष्टाले आफैले निर्माण गर्ने वा परम्परामा रहेका शब्दलाई नयाँपनका साथ उपस्थित गराएर आफ्नो अभिव्यक्तिलाई मूर्त तथा प्रभाकारी बनाउनका लागि प्रस्तुत गरिने शब्दहरू कोशीय विचलन युक्त शब्दहरू हुन जस्तै : बङ्कर, गुन्द्रिलो, मान्द्रिलो गोब्रिलो आदि ।

(आ) व्याकरणिक विचलन

भाषा विशेषमा आ-आफ्नो भाषिक व्यवस्था हुन्छ । स्रष्टाले आफ्नो विशिष्ट भाषिक अभिव्यक्तिका क्रममा लिङ्ग, वचन, पुरुष, भा, पक्ष, वाच्य जस्ता व्याकरणात्मक कोटी र वाक्य, उपवाक्य, पदसङ्गति, पदक्रम आदि एकाइहरूको नियमितता र नियमसम्मत व्यवस्था माथि अतिक्रमण गर्दछु । वास्तवमा त्यहीँ अतिक्रमण नै व्याकरणिक विचलन हो ।

(इ) अर्थतात्विक विचलन

भाषिक अभिव्यक्तिको क्रममा अर्थका दृष्टिले हुने विचलन नै अर्थतात्विक विचलन हो । वाक्यको अभिधामूलक अर्थ नआएर अन्य शिष्ट अर्थ व्यञ्जित हुनु पनि अर्थ तात्विक विचलन अन्तर्गत पर्दछ । जस्तै : कस्सम होला, छ्या अनन्तले कस्तो नपत्याएको ।

(ई) प्रयुक्ति विचलन

एउटा प्रसङ्ग र परिस्थितिमा प्रयोग गर्नुपर्ने भाषालाई अर्कै परिस्थिति र प्रसङ्गमा प्रयोग गर्नु प्रयुक्ति विचलन हो । जस्तै : वास्तवमा अहिले सम्म प्लेटो बाँचिरहेका भए मैले जरिवाना तिर्नु पर्‍यो ।

(उ) लेख्य प्रक्रियात्मक विचलन

शाब्दिक लेखाइका क्रममा देखापर्ने विचलनलाई लेख्य प्रक्रियात्मक विचलन भनिन्छ । यस्तो विचलनमा लेखाइलाई तलमाथि गरेर लेख्ने गरिन्छ । जस्तै : मैले चिठी लेखे ।

(ऊ) ध्वनि प्रक्रियात्मक विचलन

भाषाको कुनै खास एकाइको उच्चारणमा मानकसँग स्पष्ट रूपमा छुट्याउन सकिने अन्तर नै ध्वनिप्रक्रियात्मक विचलन हो ।जस्तै सुकात (सुकरात) सुक्रान्ति (संक्रान्ति) खाछ ( खाएको छ) ।

(ए) विविधता

"विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषामा विभिन्न भेदहरू देखा पर्छन् र यिनै भेदहरूलाई विविधता भनिन्छ" (शर्मा, २०५९ : ८) । साहित्यिक कृति प्रभावकारी र आकर्षित बनाउन साहित्यकारले विविध प्रकारका उपकरणको प्रयोग गर्दछ । कृतिमा देखा पर्ने यस्ता प्रकारका विभेदहरूले भाषा प्रयोगमा नवीनता थप्दछ ।

# अध्याय तीन
# शोध विधि र अध्ययन प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

यस शोधपत्रमा विश्लेषणात्मक शोध विधिको प्रयोग गरिएको छ । साथै प्रस्तुत चुली उपन्यासको शैलीवैज्ञानिक अध्ययन रहेको हुँदा संरचनात्मक एवम् भाषिक शैलीविज्ञानको विश्लेषण पद्धति अपनाइएको छ ।

## ३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति

अनुसन्धानका लागि लिइएको जनसङ्ख्याबाट छानिएको अङ्शलाई नमुना छनोट भनिन्छ । अध्ययन र अनुसन्धानका क्रममा सम्पूर्ण सामग्रीबाट छानिएको अंश नै नमुना छनोट हो । मैले अनुसन्धान गर्ने शैलीविज्ञान अन्तर्गत उपन्यासको अध्ययन भएकाले चुली उपन्यासलाई नै जनसङ्ख्याको रूपमा लिएको छु ।

## ३.३ अध्ययनको क्षेत्र

उपन्यासकार सरुभक्तको चुली उपन्यासको शैलीविज्ञान अध्ययनमा यो अनुसन्धान केन्द्रित भएकाले यसको अध्ययनको क्षेत्र पनि शैलीविज्ञानको सैद्धान्तिक आधार र चुली उपन्यासको सम्पूर्ण सेरोफेरा र शैलीवैज्ञानिक विश्लेषण नै हो ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

यस शोध कार्य शैलीवैज्ञानिक अध्ययन र पुस्तकालयीय विधिमा आधारित भएकाले पूर्व शोधकार्यहरू तथ्याङ्क तथा सुचना सङ्कलनका लागि प्रयोग गरिएको छ । तथ्याङ्क अनुसन्धान कार्यलाई वैध, प्रामाणिक र विश्वसनीय बनाउन आवश्यक पर्ने सामग्री सङ्कलन गर्ने कार्यलाई तथ्याङ्क सङ्कलन भनिन्छ । निश्चित चरण पार गर्दै अनुसन्धेय समस्याको समाधान गरी अनुसन्धान कार्य सम्पन्न गर्नको लागि तथ्याङ्कको आवश्यकता पर्दछ । शोधार्थीले शोधकार्य सम्पन्न गर्ने सन्दर्भमा पुस्तकालीयय अध्ययन विधि र क्षेत्रीय अध्ययन विधिका आधारमा सङ्कलन गरेका सामग्रीलाई नै तथ्याङ्क मानिएको पाइन्छ ।

कुनै पनि विषयको अनुसन्धान गर्दा अनुसन्धेय विषयको बारेमा नयाँ कुरा तथ्याङ्क मार्फत प्राप्त गर्ने भएकाले अनुसन्धानमा तथ्याङ्कको विशेष महत्व रहेको हुन्छ । भाषिक अनुसन्धानको क्रममा तथ्याङ्क सङ्कलन निम्न स्रोतबाट गरिन्छ :

(क) प्राथमिक स्रोत

(ख) द्वितीय स्रोत

### ३.२.१ प्राथमिक स्रोत

भाषिक अनुसन्धानका शिलशिलामा अनुसन्धाता आफै सम्बन्धित क्षेत्रमा गई सङ्कलन गरेका सामग्रीलाई प्राथमिक स्रोतका सामग्री भनिन्छ । प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गर्ने कार्य त्यसपूर्व कसैले पनि उपयोग नगेर्न हुनाले प्राथमिक स्रोतलाई मौलिक स्रोत पनि भनिन्छ । प्राचिन अभिलेख, सर्वेक्षण, अवलोकन, प्रश्नावली, अन्तर्वार्ता विभिन्न प्रतिवेदनमा प्राप्त सूचना, कृति सम्बन्धित पाठ्यपुस्तक आदि प्राथमिक स्रोतका सामग्री अन्तर्गत पर्दछन् ।

प्रस्तुत शोधकार्य व्यवस्थित ढङ्गले सम्पन्न गर्नका लागि उपन्यासकार सरुभक्तद्वारा लिखित उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ ।

### ३.२.२ द्वितीय स्रोत

भाषिक अनुसन्धानका क्रममा अनुसन्धानकर्ताले आफू भन्दा अघि अरु कसैले उपयोग र विश्लेषण गरेका सुचनाहरू लिएर अध्ययन गरेमा त्यस्ता सामग्री वा तथ्याङ्कलाई द्वितीय स्रोतका सामग्री भनिन्छ । सम्बन्धित अनुसन्धाता भन्दा अगाडिको अनुसन्धाताहरूले प्राथमिक स्रोतका रूपमा उपयोग गरेका सामग्री द्वितिय स्रोतका सामग्री हुन् । द्वितीय स्रोतका सामग्री सङ्कलनमा अनुसन्धाताको प्रत्यक्ष संलग्नता रहदैन । विभिन्न पत्रपत्रिका, जर्नल, सन्दर्भपुस्तक, समाचारपत्र, अध्ययन प्रतिवेदन, पूर्वकार्यहरू, (शोधपत्र, शोध प्रबन्ध आदि) व्यक्तिगत आलेख, सार्वजनिक आलेख, विभिन्न लेख रचनाहरू आदि द्वितीय स्रोतका सामग्री अन्तर्गत पर्दछन् ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि द्वितीय स्रोतका सामग्रीको रूपमा विभिन्न शोधार्थीका शोधपत्र, जर्नल सन्दर्भ पुस्तक, विभिन्न लेख आदिलाई उपयोगमा ल्याइएको छ ।

## ३.३. तथ्याङ्क सङ्कलन प्रक्रिया

शोध विषयको अध्ययनमा सघाउ पुऱ्याउन तथ्याङ्क सङ्कलनका साधनहरूको छनोट गरेपछि उक्त साधनहरूको अध्ययन गरी शोधकार्यमा प्रयोग गरिएको छ ।

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको हो । प्रस्तुत शोधपत्रको शीर्षक चुली उपन्यासको शैलीवैज्ञानिक अध्ययन रहेको छ । चुली उपन्यासको विश्लेषण गर्नु, शैलीवैज्ञानिक दृष्टिले कथामा प्रयोग गरिएका पात्रको अध्ययन गर्नु, भाषिक चयन, विचलन र समानान्तरताका आधारमा चुली उपन्यासकको विश्लेषण गर्नुमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ । यसरी कथाको शैलीवैज्ञानिक अध्ययनका क्रममा मूलत : पुस्तकालयीय विधिको अबलम्वन गरी शोधकार्यलाई अगाडि बढाइएको छ । पुस्तकालयीय विधिद्वारा सामग्री सङ्कलन गर्दा प्राथमिक स्रोतका रूपमा चुली उपन्यासलाई लिएको छ ।

## ३.४ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यस शोधसँग सम्बन्धित भएर तथ्याङ्कको खोज गरिसकेपछि व्याख्या र विश्लेषण वर्णनात्मक ढङ्गले गरिएको छ । शैली वैज्ञानिक मान्यतामा आधारित भई निगमनात्मक पद्धतिद्वारा समग्र कृतिको व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

भाषिक अनुसन्धानका क्रममा अनुसन्धाताले अनुसन्धेय शीर्षकको चयनदेखि हाई-बाइन्डिङ गर्ने सम्मका विविध कार्यको चरणबद्ध प्रक्रियालाई वा कार्यलाई अनुसन्धानको अध्ययन तथा विश्लेषण प्रक्रिया मानिन्छ । अनुसन्धानका क्रममा तथ्य सङ्कलनका लागि सामग्रीको निर्माण, तिनको मानकीकरण, तथ्य सङ्कलन, सामग्रीको सत्यापन, वर्गीकरण, तुलना, व्याख्या, विश्लेषण आदि कार्य गरेर निष्कर्ष सम्म पुग्न सकिन्छ ।

# अध्याय चार
# व्याख्या तथा विश्लेषण

## ४.१ चुली उपन्यास कथानकको विश्लेषण

### ४.१.१ उपन्यासको परिचय

साहित्यका विविध विधाहरू मध्ये उपन्यास लोकप्रिय विधा हो । यसमा कथानकले ज्यादै ठूलो महत्व राख्छ । सामन्यतयाकथानकको अभावमा आख्यानको परिकल्पना गर्न सकिदैन । कथानकले घटनाको श्रृङ्खला मिलाएर तिनीहरूका बीच कार्यकरण सम्बन्ध स्थापित गराउँछ । कथानकका माध्यमबाट नै रचनाकारले आफ्नो विचार, धारणा र अनुभूतिको कलात्मक अभिव्यक्ति दिन्छन् । कथानकका घटना र उपघटनाहरू शिलशिलाबद्ध रूपमा व्यवस्थित गरिएका हुन्छन् जसबाट रचनाकार निधारित उद्देश्यमा पुग्न सफल हुन्छन् । "कथानक पात्र र विचारसँग जोडिएको हुन्छ । मानक विचार प्रकटीकरणका लागि घटना र चरित्र मार्फत क्रियाशील हुने गति हो" (बराल, एटम २०५८) ।

उपन्यासमा अन्तर्निहित घटना तथा उपघटनाहरूको योजनाबद्ध ढाँचा हुनु अर्थात घटना र चरित्र सङ्कथन नै कथानक हो । उपन्यासमा प्रस्तुत घटनाहरू क्रमिक रूपले चरमोत्कर्ष सम्म अबिराम गतिले तानिने तन्तु नै कथानक हो । उपन्यासमा घट्ने घटनाहरूको श्रृङ्खलित योजना वा ढाँचा नै कथानक हो । उपन्यासमा प्रस्तुत उद्देश्यपूर्ण पात्र , क्रियाकलाप, द्वन्द्व, घटना , कुतूहलता, परिवेश आदिको अन्वितियुक्त आख्यान नै कथानक हो -कथानकले नै आख्यानलाई गतिमय बनाउँछ ।

यसबाट के स्पष्ट हुन्छ भने उपन्यासमा प्रस्तुत घटनाहरूको आरोहअवरोह, पात्रहरूको घात प्रतिघात र वादसंवादले कथानकलाई निर्दिष्ट उद्देश्य सम्म पुऱ्याउँछ । यसले पाठकमा जिज्ञासा कुतूहलता पैदा गर्छ । उपन्यासको आरम्भदेखि अन्त्यसम्म क्रियाशिल हुने भएकाले कथानकले अन्य औपन्यासिक तत्वहरूलाई प्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । त्यसैले के भन्न सकिन्छ भन्ने उपन्यासका अन्य सबै तत्वहरू कथानकसँग सम्बन्धित भएर आउने भएकाले यसलाई उपन्यासको आधारभूमि मान्न सकिन्छ ।

प्राचीन मान्यताअनुसार कथानक उपन्यासको सार्वधिक महत्वपूर्ण तत्व हो र यो आदि मध्य र अन्त्यको क्रममा श्रृङ्खलाबद्ध हुनुपर्छ । तर आज यो मान्यतामा परिवर्तन भएको छ ।

आज कथानक विनानै उपन्यास लेख्न सकिन्छ भन्ने मान्यता विकास भएको छ । खास, परिवेश, पात्रको मनोदशा, प्रवृत्ति, समस्या र द्वन्द्व उद्घाटन गरी लेखिएका उपन्यासहरूमा अत्यन्त क्षीण कथानक पाइन्छ तसर्थ आज कथानकलाई प्रमुख स्थान नदिइए पनि पात्रलाई हिडाउने माध्यमका रूपमा लिने गरिएको छ । यसर्थ कथानकलाई कृतिको सर्वस्व नमानेर महत्पूर्ण तत्व मान्नु उपयुक्त हुन्छ ।

उपन्यासकारले उपन्यास सिर्जना गर्दा कुनै खास स्रोतबाट कथानक लिने गर्दछन् । ऐतिहासिक, पौराणिक, यथार्थादी, रागात्मक, मिथकीय स्वैरकल्पनात्मक आदि कथानकका स्रोतहरू हुन सक्छन् । एक भन्दा बढी स्रोतलाई मिसाएर पनि उपन्यासबारले उपन्यास सिर्जना गरेका हुन्छन् । यसरी मिश्रित स्रोतो कथानक पनि उपन्यास हुन सक्छ ।

कथानकलाई जीवन्त बनाउने तत्वका रूपमा द्वन्द्व र क्रियाकलापलाई लिइन्छ । कथानकमा आउने द्वन्द्व र क्रियाकलाप स्वभाविक हुनुपर्छ । यिनले कथानकको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । त्यस्तै संवेदना र कुतूहलता पनि आवश्यक हुन्छ । यिनले कथानकमा रोचकता र आकर्षण थप्दछन् । त्यसैले द्वन्द्व, क्रियाकलाप संवेदनमा र कुतूहलताले कथानकलाई जीवन्तता प्रदान गर्ने भएकाले यिनको व्यवस्थित संयोजन आवश्यक छ । रोबर्ट डि. यानीका अनुसार कथानक उपन्यासमा कार्य व्यापरसित सम्बद्ध तत्व हो - जसले कथावस्तुको निर्माणमा घटनाहरूको तारतम्य मिलाउँछ । यो घटना क्रमको निरन्तर अन्विति हो ।सारमा के भन्न सकिन्छ भने घटनावलीको योजनाबद्ध ढाँचा नै कथानक हो । यसको अभावमा उपन्यासको परिकल्पना गर्न सकिँदैन । परम्परागतरूपमा कथानकलाई प्रमुख तत्वका रूपमा स्वीकारिए पनि आज यो सहायक तत्वका रूपमा विकसित भएको छ । आख्यानबाट पूर्णतः अछुतो रहन नसकेकाले कथानक बिना उपन्यास निर्माण गर्न नसकिने स्पष्ट हुन्छ ।

## ४.१.२ उपन्यासको शीर्षक

कुनै पनि कृतिको नामाकरण त्यस कृतिको पात्र वा विषयवस्तुलाई ध्यानमा राखेर गरिएको हुन्छ । चयन गरिएको शीर्षकले समग्र कृतिको पहिचान बोकेको हुनुपर्दछ । त्यसैले

कृतिको शीर्षक महत्वपूर्ण मानिन्छ । प्रस्तुत अध्ययनीय उपन्यासको शीर्षक चुली राखिएको छ । चुली एक शब्दात्मक शीर्षक हो । हिमालको टाकुराको अर्थमा प्रयुक्त चुली शब्दले प्रतीकात्मक अर्थ व्यक्त गरेको छ । हिमालको चुलीलाई जीवनको सफलताको चुली सित तादाम्यता गराइएको छ ।

यस अध्ययनीय उपन्यासमा ऊ प्रमुख पात्रको काम हिमाल चढ्नु हो र जसले सगरमाथा जस्तो हिमालको चुली टेक्छ , त्यसले जीवनका हरेक चुलीमा पुग्न सक्छ । हिमाल आरोहण गरी त्यसको चुली चुम्नु जति कठीन र भयावह छ, त्यति नै मानव जीवनमा सफलता हासिल गर्ने मानव जीवनको सफलता, आत्मविश्वास, सिर्जनशीलता, सङ्घर्ष, मानवता विश्वबन्धुत्वको भावना जस्ता पक्षको पनि चुली भएर आएको छ । यसरी उपन्यासको पर्यावरण, विचार, भाव तथा कथ्य विषयसँग शीर्षकको नजिकको सम्बन्ध रहेकाले यस अध्ययननीय उपन्यास चुलीको शीर्षक चुली रहनु औचित्यपूर्ण र सार्थक देखिन्छ ।

## ४.१.३ कथानकको विकासक्रम

कथानक आख्यान विधाको महत्वपूर्ण तत्व मानिन्छ । कथावस्तु सिर्जनाका लागि आधारका रूपमा कथानक आएको हुन्छ । आख्यानमा घटना र उपघटनाहरू शिलशिलाबद्ध रूपमा प्रस्तुत भएका हुन्छन् । उपन्यासमा कथानकको विकास क्रमिक रूपमा गरिएको हुन्छ । रेखीय ढाँचाको कथानकमा विषयवस्तु आदि, मध्ये र अन्त्यको शृङ्खलामा रहेको हुन्छ । चरणबद्ध रूपमा विषयवस्तुको आरम्भ विकास र चरम अवस्थामा पुगी क्रमिक रूपले कथानक ओरालो लाग्दै निचोडमा पुग्ने विशेषता कथानकले लिएको हुन्छ । आख्यान कृतिको कथानक विश्लेषण गर्ने विभिन्न सिद्धान्तहरू छन् । ती मध्ये जर्मन समालोचक 'गुस्ताव फ्रेटाग' ले विकास गरेको सिद्धान्त महत्वपूर्ण मानिन्छ । यसलाई फ्रेटाग पिरामिड भनिन्छ जुन प्रारम्भमा फराकिलो र क्रमश : साँघुरिदै अन्त्यतिर गएको हुन्छ । यसै आधारमा यस चुली उपन्यासको संरचना र विकासक्रमलाई निम्नानुसार हेर्न सकिन्छ :

कथानकको विकासक्रम

| क.सं. | कथानकको संरचना | कथानकको विकासक्रम |
|---|---|---|
| १ | आदि | क. चिनारी<br>ख. प्रथम सङ्कटावस्था |
| २ | मध्य | क.अन्त्य सङ्कटावस्था<br>ख. चरम अवस्था |
| ३ | अन्त्य | क. सङ्घर्ष ह्रास<br>ख. उपसंहार |

फ्रेटाग पिरामिडलाई निम्नानुसार देखाउन सकिन्छ :

आधुनिक कतिपय आख्यानात्मक कृतिहरूको कथानक विश्लेषणमा यो चरणबद्ध स्वरूपको सिद्धान्त लागु नहुन पनि सक्छ। आजका प्रयोगवादी आख्यानात्मक कृतिहरू विसंरचनवादी छन्। यिनमा पूर्वदृश्य र पश्च कथनीय व्यतिरेकी क्रममा देखिन्छन्।

त्यस्ताकथानकको फ्रेटागको पिरामिडका आधारमा विश्लेषण गर्न सकिदैन । रेखीय ढाँचाको कथानकलाई मात्र फ्रेटागको पिरामिडको आधारमा विश्लेषण गर्न सकिदैन । रेखीय ढाँचाको कथानकलाई मात्र फ्रेटाग पिरामिडको आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ ।

कथानकको विश्लेषणमा सम्बन्धमा फ्रेटागको टेक्निकल अफ द ड्रामा (सन् : १८६३) भन्ने पुस्तकमा सुचिस्तम्भात्मक आकारमा देखाइएको कथानकको विकासक्रमका विभिन्न अवस्थाहरूको परिचय निम्नानुसार देखाउन सकिन्छ :

**१. चिनारी**

कथानकको सुरुको अवस्था भनेको आरम्भ वा चिनारी हो । यस भागमा कृति भित्र हुने विभिन्न उत्तरचढाबहरूको पूर्वसङ्केत पनि पाइन्छ । यसका साथसाथै पात्रहरूको सामना गर्नुपर्ने परिस्थिति वा समस्याहरूको पूर्वसङ्केत पनि पाइन्छ ।

**२. सङ्घर्ष विकास**

कथानक विकासको दोस्रो चरणका रूपमा संघर्ष विकासलाई लिइन्छ । यस चरणमा कृतिभित्रका घटना तथा उपघटनाहरू क्रियाशिल हुँदै जान्छन् । पात्रहरू समस्यासँग संघर्ष गर्न थाल्छन् । पात्रहरूले नयाँ परिस्थिति र समस्याहरूको सामना गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । यसरी द्वन्द्वको स्थिति सिर्जना हुन पुग्छ र कृति भित्र प्रथम पटक सङ्कटावस्थाको विजारोपण हुन्छ ।

**३. चरम**

कथानक विकासक्रमको तेस्रो अवस्था भनेको चरम अवस्था हो । कथानक विकासक्रमको यस अवस्थालाई सार्वधिक महत्वपूर्ण अवस्थाका रूपमा लिइन्छ । यस अवस्थामा पात्रहरूको द्वन्द्वको स्थिति चरमसीमामा पुग्छ । घटनावली पनि सार्वधिक उच्च बिन्दुमा पुग्दछन् । सङ्कटावस्था पनि चरमसीमामा पुग्दछ । मुख्य पात्रहरूमा पनि गम्भीर अवस्था सिर्जना हुन्छ र उनीहरू निर्णायक अवस्थामा पुग्छन् । कथानकमा आउने यस्तो गम्भीर मोड नै चरम अवस्था हो ।

### ४. सङ्घर्षह्रास

सङ्घर्षह्रास कथानक विकासक्रमको चौथो अवस्थालाई जनाउँछ । यस अवस्थामा आइपुग्दा घटनाहरू क्रमश : शिथिल हुँदै जान्छन् । पात्रहरूका वीचमा द्वन्द्वको स्थिति कम हुँदैं जान्छ । कथानक परिवर्तित हुँदै फल प्राप्तिको दिशा तर्फ अग्रसर हुन थाल्छ । घटना तथा उपघटनाहरू निश्चित बिन्दुमा पुग्न थाल्छन । द्वन्द्व र क्रियाको श्रङ्खला पनि कमजोर हुँदै शिथिलताको स्थितिमा पुग्दछन् ।

### ५. उपसंहार

कथानक विकासक्रमको अन्तिम अवस्था भनेको नै उपसंहार हो । यस अवस्थामा संघर्ष वा द्वन्द्वको स्थिति रहदैन । पात्रहरूले निश्चित अवस्थामा पुगेर फल प्राप्त गर्दछन् । समस्याले समाधान पाई कथानकको अन्त्य हुन्छ ।

## ४.१.४ चुली उपन्यासको कथानक विकासक्रम

उपन्यासमा कथावस्तुको श्रृङ्खला एक अवस्थाबाट सुरु भई विभिन्न चरणहरू पार गर्दै फल प्राप्ति पश्चात टुङ्गिएको हुनुपर्दछ । कथानक भित्रका घटना तथा उपघटनाहरू चरणबद्ध रूपमा विकास गरिएको हुनुपर्छ । कथानक आदि मध्य र अन्त्यको श्रृङ्खलामा उनीएको हुनुपर्छ । कथानकको आदि भागमा चिनारी र सङ्घर्ष विकास, मध्य भागमा सङ्कटावस्था र चरम अन्त्य भागमा संघर्षह्रास र उपसंहार रहेको हुनुपर्छ । अत : रैखिक शैलीमा कथानक रहेको चुली उपन्यासको कथानकलाई फ्रेटागको पिरामिडमा राखी यसरी देखाउन सकिन्छ ।

| कथानकको काम | कथानकको विकासक्रम | चुली उपन्यासबाट प्राप्त भाषिक तथ्याङ्क |
|---|---|---|
| आदि भाग | चिनारी | ऊ पात्र पुरै तयारी र साहसका साथ सगरमाथा चढ्न हिड्नु । चुलीको यात्रा भनेको जहिले पनि एक्लो यात्रा हो । भन्दै सगरमाथाको चुली टेक्ने जागरका साथ अघि बढ्नु । |
| मध्य भाग | सङ्घर्ष विकास | ऊ आफ्ना भरियाहरूलाई बेस क्याम्पमै छोडेर अगाडिको कठीन यात्रा तय गर्नु । |
| | अन्य सङ्कटावस्था | विभिन्न अप्ठ्याराहरू, हिमपातहरूले उसको यात्रामा अवरोध सिर्जना गर्नु, जस्तै अवरोध, अप्ठ्यारा परिस्थितिहरूको सामना गर्दै चुलीसम्म पुग्नु । |
| अन्त्य भाग | सङ्घर्षद्वारा उपसंहार | 'चुली टेक्ने ठाउँ हो अल्मलिएर बस्ने ठाउँ होइन, जो चुलीमा अल्मलिई बस्छन उनीहरू चुली टेक्दैनन, चुलीले उनीहरूलाई टेक्छन् ।' भन्ने सोचेर ओर्लिने तरखरमा जुट्नु । सर्तकतार्पूक फर्कदै गर्नु तर संघर्षको आँधिले उसलाई नछोड्नु धेरै सर्तक हुँदाहुँदैपनि दुर्घटित भएर मर्नु । धेरै जसो मानिस असपलमा दुर्घटित हुँदैनन सफलतामा दुर्घटित हुन्छन् यसरी उपन्यास टुङ्गिएको छ । |

उपन्यास आफैमा पूर्ण विधा भएकाले कथा वस्तुको पूर्णताका लागि आदि, मध्य र अन्त्यको अन्विति मिलेको हुनुपर्छ । उपन्यासलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) आरम्भ/चिनारी

कथानकको प्रारम्भ भागमा चिनारी हुन्छ । यस भागमा सम्बन्धित कृतिका पात्रहरूको परिचय, ती पात्रहरूले सामना गर्नुपर्ने समस्याहरूको पूर्वसङ्केत दिइएको हुन्छ ।

यसका साथसाथै परिवेश एवम् वातावरण, स्थान, युग आदि कुराको जानकारी पनि यस भागमा रहेको हुन्छ ।

(ख) सङ्घर्ष विकास

यो कथानकको दोस्रो अवस्था हो । यसमा आकस्मिक परिस्थिति वा घटना विशेषका कारण पात्रहरू समक्ष नयाँ उत्पन्न भई उनीहरू एक आपसमा सङ्घर्ष गर्न थाल्छन् । यसरी यस चरणमा कथात्मक कृतिमा पहिलोपटक सङ्कटको सिर्जना हुने भएकाले यसलाई सङ्कटावस्था पनि भनिन्छ ।

(ग) चरम

चरम कथानकको तेस्रो अवस्था हो । यो कथानकको मध्यभाग अन्तर्गत पर्दछ । प्रथम सङ्कटावस्थाले दोस्रो तेस्रो आदि सङ्कटावस्था जन्माउँछ । सङ्कटास्थाका कारण पात्रको चरित्रमा परिवर्तन आउँछ । पात्रलाई गम्भिर महत्वपूर्ण र निर्णायक रूप दिन्छ । यही नै सङ्कटावस्था ा चरमोत्कर्षको अवस्था हो ।

(घ) सङ्घर्ष ह्रास

चरम अवस्थापछि देखापर्ने सङ्घर्ष ह्रास हो । यो कथानकको अन्त्य भागमा पर्दछ । यस अवस्थामा पात्रहरू बीच एक प्रचलित द्वन्द्व कम हुँदै गएर फल प्राप्ति तिर उन्मुख हुन्छन् । यस अवस्थामा कथानक निष्कर्ष तिर अगाडि बढेको हुन्छ ।

(ङ) उपसंहार

कथानक विकासको अन्तिम अवस्था उपसंहार हो । यसमा पात्रहरूका बीचमा कुनै संघर्ष बाँकी रहदैन । पात्रहरूले जे-जस्तो कार्य गरेका हुन्छन् त्यसै अनुसारको फल प्राप्त गर्दछन् । यसरी कथानकको अन्त्यमा हुन्छ ।

## ४.२ कथानक

उपन्यासकार सरुभक्तको जन्म वि.सं. २०१२ पोखरामा भएको हो । सरुभक्त नेपाली उपन्यासकार, नाटकाकार तथा कवि हुन् । पागलवस्ती उपन्यासका लागि २०४८ सालमा उनलाई मदन पुरस्कार प्रदान गरिएको थियो । वि.सं. २०३४ मा आह्वान साप्ताहिकमा मलाई दुईटा सूर्य देउ शीर्षकको कविता प्रकाशन गरी नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।

यिनका थुप्रै उपन्यास कविता, खण्डकाव्य, मुक्तक प्रकाशित भएका छन् । समकालीन नेपाली साहित्यमा सार्वधिक सशक्त, सृजनशील र कृयाशिल हस्ताक्षरका रूपमा स्थापित सरुभक्तका तरुनी खेती उपन्यास (वि.सं. २०५३), पागलवस्ती (उपन्यास वि.सं. २०५३), समय त्रासदी -उपन्यास २०५८), चुली उपन्यास २०५९ चर्चित उपन्यासहरू हुन् ।

हङ्कङ् पोखरा, चाइना कम्पनी जस्ता लोक प्रिय गीतका सर्जक साहित्यकार सरुभक्तले प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सदस्य नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको कुलपति जस्ता महत्वपूर्ण जिम्मेवारी लिइसक्नुभएको छ । सिङ्गो युगको संवेदनालाई सिर्जनामा प्रतिविम्वत गर्ने दृष्टि बोकेका जुझारु स्रष्टा सरुभक्त यस युगको सफल दृष्टा हुन र नेपाली साहित्यका पारखीहरूका लागि नवीन प्रयोग, नयाँ विषयवस्तु र दार्शनिक चिन्तन सहितको सिर्जना दिन सक्नु नै उनको विशेषता हो ।

चुली उपन्यास एक पर्वतारोहीको पर्वतारोहणको कहानी हो । चुलीमा मानवीय जीवनको संघर्षलाई विषयवस्तु बनाएर लेखिएको छ । चुली भित्रको कहानी निकै छोटो छ । औपन्यासिक विधिअनुरूप यसमा सन्तुलित प्रस्तुति छैन । ५२ पृष्ठमा संरचित उपन्यासले गहन विषयवस्तुलाई समेटेको छ । छोटो कथानकमा समेटिएको प्रस्तुत उपन्यास ऊ पात्रले भोगेको जीवन संघर्षको चित्रण गरिएको छ ।

लघु आयाममा आबद्ध सरुभक्तको चुली उपन्यास (लघु उन्यास) मा बाह्य रूपले कुनैपनि विभाजन गरिएको पाइँदैन । यति हुँदाहुँदै पनि सन्दर्भ एवं प्रसङ्ग परिवर्तनका माध्यमबाट यस उपन्यासमा आन्तरिक रूपले विभाजनको रेखा कोर्न सकिने स्थिति स्पष्टै देखिन्छ । विश्वकै सर्वोच्च चुली सगरमाथाको आरोहणलाई विषयवस्तु बनाएर लेखिएको चुली उपन्यासमा मानवीय साहसको उत्कृष्ट नमुना प्रस्तुत गरिएको छ ।

सगरमाथा आरोहणका क्रममा पार गर्नुपर्ने विविध प्रकारका कार्य एवं प्रविधिको सूक्ष्मतिसूक्ष्म ढङ्गले विश्लेषण गरिएको यस उपन्यासमा आरोहणका समयमा भोग्नुपर्ने विविध प्रकारका कदम एंव समस्याहरूलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ । सगरमाथा आरोहणमा जस्तै मान जीवनमा पनि अनेक प्रकारका समस्या र सङ्कटहरू आउन सक्छन् तर यसलाई बुद्धिमत्तापूर्वक पन्छाँउदै निरन्तर आफ्नो लक्ष्यमा अघि बढ्नु पर्ने भावाभिव्यक्ति पाइने यस उपन्यासमा जीवनवादी तथा प्रेमवादी धारणाको सशक्त र जीवन्त प्रस्तुति भएको छ । यसका साथै गीताको कर्मवादी दृष्टिकोणलाई यस उपन्यासले मूर्त

रूपदिन खोजेको छ । यस उपन्यासमा जीवनप्रति अत्यन्त सकारात्मक र आशावादी दृष्टिकोण अभियञ्जित छ ।

साहसी प्रवृत्तिको अनुकूल सहभागीको समायोजन पाइने चुली उपन्यासमा प्रमुख सहभागीको रूपमा ऊलाई समावेश गरिएको छ । प्रस्तुत उपन्यासको ऊ सहभागी नेपाली हो कि विदेशी हो कुनैपनि जानकारी पाइँदैन किनकी ऊका बारेमा कुनैपनि प्रकारको जानकारी दिने उपन्यासकारको रुचि रहेको देखिदैन । ऊ जो भएपनि विश्वका सम्पूर्ण मानिसको प्रतिनिधि हो । विना गाइड, विना भरिया एक्लै सगरमाथा आरोहण गर्न आँट गर्ने अत्यन्त साहसी व्यक्ति ऊ चुलीमा पुग्न सफल पनि हुन्छ । सगरमाथा आरोहणका क्रममा हुने उसैका क्रियाकलापमा यसको कथानक अघि बढेको छ ।

ऊ का अतिरिक्त भरियाहरू, गाइडहरू तथा सगरमाथाका अन्य आरोहीहरूलाई पनि सहभागीको रूपमा यस उपन्यासमा समावेश गरिएको छ तापनि तिनीहरूलाई उपन्यासमा खासै भूमिका दिइएको छैन । उपन्यासमा उनीहरूलाई गौण सहभागीका रूपमा समावेश गरिएको छ ।

यसरी अत्यन्त न्यून (लगभग एक्लो) सहभागीको प्रयोगबाट मानवलाई महत्व दिदै उपन्यासको सिर्जना गर्नु सरुभक्तको प्रस्तुत उपन्यासको सहभागीगत प्रवृत्ति हो ।

अत्यन्त छोटो समयलाई आधार बनाएर लेखिएको यस उपन्यासमा मुख्य स्थानको रूपमा सगरमाथाको आधार शिविर देखि चुली सम्मको मार्गलाई प्रस्तुत गरिएको छ । यसरी विश्वकै सर्वोच्च चुली सगरमाथा र त्यसको आसपासलाई परिवेश बनाइएको यस उपन्यासमा वातावरणको चित्रण सहज रूपमा भएको छ । अत्यन्त सुखद एवं साहसिक वातारणमा सिर्जित यस उपन्यासमा प्रमुख सहभागी ऊ मृत्युको मुखमा पुगिसक्दा पनि दखद वातारणको झल्को सम्म पाइदैन ।

तृतीय पुरुष दृष्टिविन्दुमा संरचित यस उपन्यासमा कतै पनि सहभागी नामको प्रयोग नगरी, सर्वनाम ऊका माध्यमबाट कथानकलाई अघि बढाइएको छ । यसमा आफ्नै टिप्पणी गरेर तथा समाख्याता अख्यान भन्दा बाहिरै रही आफू सर्वज्ञ भएर आफ्ना भाव, विचार र घटनालाई प्रस्तुत गरिएको छ । काव्यात्मकतायुक्त परिस्कृत एवं परिमार्जित गद्य भाषाको प्रयोग पाइने यस उपन्यासमा ठाउँठाउँमा कथ्य भाषा तथा पर्वतारोहण सम्बन्धी

पारिभाषिक शब्दहरूको प्रयोग पनि पाइन्छ । यस प्रकारको भाषिक प्रयोगले अभिव्यक्तिलाई स्वभाविकता र जीवन्तता प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

पर्वतारोही निकै आशावान र कर्मठ हुन्छ । चुलीको यात्रा भनेको जहिलेपनि एक्लै यात्रा हो । भन्दै ऊ एक्लै यात्रा हो । भन्दै ऊ एक्लै सगरमाथाको चुली टेक्ने जाँगरका साथ अघि बढ्छ । आफ्ना भरियाहरूलाई बेस क्याम्पहरूमै छाडेर ऊ हिमपात, हिचोल्दै, थोरैपल्ट लड्दै सगरमाथाको चुली सम्म पुग्छ । चुली टेक्ने ठाउँ हो अल्मलिएर बस्ने ठाउँ होइन, जो चुलीमा अलमलिई बस्छन् उनीहरू चुली टेक्दैनन् चुलीले उनीहरूलाई टेक्छन् । भन्ने सोचेर ओर्लने तरखरमा जुट्छ । जतिबेला जीवन शिखरको वास्तविकता भेटाइसकेको हुन्छ । ऊ निकै सर्तकतापूर्वक चुलीबाट फर्कदै गरेको हुन्छ तर संघर्षको आँधीले उसलाई छोड्दैन । कति सतर्क हुँदाहुँदै पनि दुर्घटित भएर ऊ मर्छ जब कि उसलाई पहिल्यै थाहा थियो : अधिकांश दुर्घटना ओर्लने क्रममा हुन्छन् । किनभने मान्छेहरूले जीवनको बाटो उक्लँदा ओर्लने क्षमता सुरक्षित पारी राख्दैनन् । धेरै जसो मान्छे असफलतामा दुर्घटित हुँदैनन्, सफलताहरूमा दुर्घटित हुन्छन् । इतिहास साक्षी छ । सभ्यता साक्षी छ । यसरी उपन्यास टुङ्गिन्छ । उपन्यासको प्रमुख पात्र मर्दा नैराश्यतामा डुबेर मरेको छैन । अन्तिम क्षणमा उसले यसरी सम्बोधन गरेको छ : प्रिय सगरमाथा मलाई बिदा देऊ । ......... मेरो जीवन समाप्त भएपछि पनि सबै कुरा समाप्त हुनेछैनन् । मान्छेका अदम्य संघर्षहरू समाप्त हुनेदैछनन् । मान्छेहरू हिमाल चढ्न आइरहनेछन् । उपन्यासले जीवनको वास्तविकता बोलेको छ । यहाँ कसैको जीवन अनन्त सफलतामा टुङ्गिएको छैन सङ्घर्षहरूको लौरोटेक्दै जिउनु र मर्नुको अर्थ वास्तवमै पर्यायवाची बनेको कुरा उपन्यासले प्रष्ट पारेको छ ।

## ४.२.१ उपन्यासका पात्रहरूको चरित्र विश्लेषण

उपन्यासका विभिन्न तत्वहरूमध्ये चरित्र पनि एक हो । कथानकलाई अगाडि बढाउन पात्रहरूको महत्वपूर्ण भूमिका रहन्छ । पात्रहरूको संवाद लगायत विविध क्रियाकलापले गर्दा नै उपन्यासले गति पनि प्राप्त गर्दछ । उपन्यासमा मानवीय, मानवेत्तर र जड वस्तु समेत पात्रका रूपमा आउन सक्छन् । उपन्यासमा पात्रलाई आख्यानको प्राणका रूपमा लिइन्छ ।

साहित्यले समाजको प्रतिबिम्बन गर्ने भएकाले उपन्यासमा पात्रहरूको चयन समाजबाट नै गरिएको हुन्छ । उपन्यासमा समाज भित्र घट्ने घटना, सामाजिक क्रियाकलाप

र मानवीय प्रवृत्तिको प्रस्तुति रहन्छ । कथानकलाई जीवन्त रूपमा पाठक सामु उतार्ने काम चरित्रले गर्दछन् । त्यसैले उपन्यासमा चरित्रको छनोट कथानक अनुकूल गरिएको हुनुपर्छ जसले गर्दा उपन्यासमा जीवन्तता र स्वभाविकता आउँछ । उपन्यासमा पात्रहरूको उपस्थिति मञ्चीय र नेपत्थीय दुबै खाले हुन सक्छ । कथानक अनुसार पात्रहरूको उपस्थिति मञ्चीय वा नेपत्थीय निर्धारण हुने गर्दछ ।

"आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ । पात्रहरू कतिपय नैतिक र अभिवृतीय गुणले युक्त हुन्छन् । नैतिक र अभिवृत्तीय गुणले युक्त पात्रलाई चरित्र भनिन्छ"(शर्मा, २०५९ : ११४) ।

"उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ"(उपाध्याय : २०४८) ।

"कथामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा आएका विभिन्न व्यक्तिहरू वा मानवीय चरित्रको विशेषता बताउन आउने मानवेतर प्राणी पनि पात्र हुन्"(ढुङ्गेल र दाहाल : २०५८) ।

समग्रमा भन्नुपर्दा कुनै पनि पात्रले उपन्यासमा अभिनय गर्दा वर्गीय प्रतिनिधि पात्रको रूपमा आएको हुन्छ त्यस्तो पात्रले समाज, जाति सम्प्रदाय, देश, धर्म, सभ्यता आदिकोप्रतिनिधित्व गर्दछ । मान्छे मान्छेका विविध स्वभावहरू पात्रकै माध्यमबाट प्रकट भएका हुन्छन् ।

उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनमा पनि विभिन्नताको आरोपण गरिएको पाइन्छ । कथानकमा वातावरणको भिन्नताले गर्दा पात्रका गुणहरू फेरिन पुग्छन् । पात्रहरूलाई समाजका सजीव र यथार्थ जीवनलाई प्रतिनिधित्व गर्ने गरी प्रस्तुत गर्नुपर्दछ । उपन्यासका चरित्रहरू एक अर्काका कृतिमा आएका छन् भन्ने कुरा तिनका वर्गीकरण बाट स्पष्ट पार्न सकिन्छ । चरित्रचित्रणका आधारमा निम्न लिखित रहेका छन् :

(क) लिङ्गका आधारमा

लिङ्गले पात्रको प्राकृतिक जात छुट्याउने हुँदा यसको आधारमा पात्र पुलिङ्गी र स्त्रीलिङ्ग गरी दुई वर्गका हुन्छन् । पात्रको बाह्य वर्णन तथा शरीर, नामाकरण र तिनका

स्वभाव एवम् प्रयुक्त क्रियाकलापबाट यो कुरा छुट्याउन सकिन्छ । जस्तै नायक-नायिका, सहनाय-सहनायिका आदि ।

(ख) कार्यका आधारमा

यस दृष्टिले पात्रहरू प्रमुख सहायक गौण गरी तिन वर्गका हुन्छन् । उपन्यासमा सबै पात्रले उत्तिकै महत्वको कार्य गरेका हुँदैनन् । त्यसैले सबैभन्दा बढी काम गर्ने वा कार्यमूलक भएको पात्र प्रमुख हुन्छ भने त्यसभन्दा कमी कार्यमुलक भएको सहायक र ज्यादै थोरै कार्यमूलक भएको पात्र गौण हुन्छ ।

(ग) प्रवृत्तिका आधारमा

यस आधारमा पात्र अनुकूल र प्रतिकूल गरी दुई वर्णका हुन्छन् । उपन्यासमा पात्रहरूले सकरात्मक ा नकरात्मक दुबै भूमिका निर्वाह गरेका हुन्छन् । सकरात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात सत् हुन्छ भने नकरात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने प्रतिकूल वा असत हुन्छ ।

(घ) स्वभावका आधारमा

यस दृष्टिले पात्र गतिशील र गतिहीन गरी दुई वर्गका हुन्छन् । उपन्यासमा कुनै परिस्थितिअनुसार बदलिने पात्र गतिशील हुन्छ भने आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गरी सुहाउँदो बन्छ । परिस्थितिले बदलिए पनि उस्तै जीवन बिताउने र विचलनमा नआउने स्वभावको पात्र गतिहीन हुन्छ । ऊ आदर्शमा दृढ हुन्छ ।

(ङ) जीवनचेतनाका आधारमा

कृतिमा उपस्थित पात्रको व्यवहार वा कार्य शैलीलाई महत्वका साथ हेर्ने गरिन्छ । यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यहीं वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव वा वैशिष्टय तथा वैयक्तिकताको भूमिका निर्वाह गरी नवीन शैलीको कार्य गर्ने पात्र वैयक्तिक हुन्छ ।

(च) आसन्नताका आधारमा

आख्यान वा उपन्यासमा प्रयुक्त पात्रहरू दृश्य र अदृश्य खालका हुन्छन् । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भै कार्यव्यापार वा संवाद गर्ने पात्र मञ्चीय हुन्छ भने कथायिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ । मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

(छ) आबद्धताका आधारमा

उपन्यासको कथानकसँग रहेका पात्रहरूको सम्बन्धको आधारमा चरित्रलाई छुट्याउने उपकरण आबद्धता हो । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना झल्किन्छ तर मुक्तपात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई पनि खासै हलचल उत्पन्न हुँदैन ।

## ४.३ पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण र विश्लेषण

### ४.३.१ शैलीवैज्ञानिक आधारमा पात्रहरूको वर्गीकरण

चुली उपन्यासमा ऊ, भरियाहरू, पर्वतारोहीहरू, कुकुर आदि पात्रहरू छन् । ऊ उपन्यासको प्रमुख पात्र हो । भरियाहरू सहायक पात्र हुन् । अन्य पर्वतारोहीहरू गाइडहरू, युवती र भोटेकुकुर गौण पात्रका रूपमा आएका छन् । उपन्यासमा सहायक पात्रहरू पनि सामूहिक रूपमा भूमिका निर्वाह गर्ने पात्रका रूपमा आएको छ । उपन्यासको मूल पात्र ऊ मात्र हो ।

ऊ का अतिरिक्त भरियाहरू, गाइडहरू तथा सगरमाथाका अन्य आरोहीहरू पनि सहभागीको रूपमा यस उपन्यासमा गौणहरूमा सहभागी गरिएको छ । तिनीहरूलाई खासै भूमिका दिइएको छैन । उपन्यासमा आएका प्रमुख सहायक तथा गौण स्त्री तथा पुरुष पात्रको शैलीवैज्ञानिक आधारमा यसरी तालिकामा देखाउन सकिन्छ ।

| पात्र आधार | | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | असन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | स्त्री | मुख्य | सहायक | गौण | अनु | प्रति | गतिशील | गतिहीन | व्यक्ति | वर्ग | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | ऊ | + | - | + | - | - | + | - | + | - | - | + | + | | + | - |
| २ | भरियाहरू | + | - | - | + | - | + | - | + | - | | + | + | | + | - |
| ३ | गाइडहरू | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| ४ | युवती | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| ५ | पर्वतारोही | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| ६ | कुकुर | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| ७ | प्रियसी | - | + | - | - | + | + | - | - | + | + | + | - | - | + | - |

नोट : माथि उल्लिखित तालिकामा पात्रहरूको भूमिकालाई + र - चिह्नद्वारा सङ्केत गरिएको छ । जस अन्तर्गत + चिह्नले पात्रको भूमिकालाई स्वीकारात्मक सङ्केत गरेको छ भने - चिह्नले पात्रको भूमिकालाई अस्वीकारात्मक अथवा - चिह्न लगाएको ठाउँमा पात्रको भूमिका छैन ।

## ४.३.२ कथाका प्रमुख पात्रको विश्लेषण

'ऊ' चुली उपन्यासको प्रमुख पात्र हो । उपन्यासको शरु देखि अन्त्य सम्म उसको उपस्थिति छ । सिङ्गो उपन्यास उसको संघर्षपूर्ण जीवनयात्राको वर्णन हिमाल आरोहणमा केन्द्रित रहेको छ । ऊ समग्र मान जीवनको संघर्षमा अडिग रहने प्रतिनिधि पात्र हो ।

ऊ हिमाल चढ्ने सपना, आट, उत्साह बोकेर हिडेको जीवनयात्रीको रूपमा प्रस्तुत भएको छ । समग्र पर्वतारोहीहरू भन्दा फरक प्रकृतिको चाहना भएको अदम्य सङ्घर्षहरूसँग एक्लै पौठेजोरी खेल्ने साहसी यात्रीका रूपमा देखिएको छ । साहसी प्रवृत्तिको अनुकूल सहभागीको समायोजन पाइने चुली उपन्यासमा प्रमुख सहभागीको रूपमा ऊलाई समावेश गरिएको छ ।

प्रस्तुत उपन्यासको ऊ सहभागी नेपाली हो कि विदेशी हो कुनै पनि जानकारी पाइदैन किनकी ऊका बारेमा कुनैपनि प्रकारको जानकारी दिने उपन्यासको रुचि देखिदैन । ऊ जो भए पनि विश्वका सम्पूर्ण मानिसको प्रतिनिधिका रूपमा उपन्यासमा देखा परेको छ । विना गाइड, विना भरिया, एक्लै सगरमाथा आरोहण गर्न आट गर्ने अत्यन्त साहसी व्यक्तिका रूपमा उभ्याइएको छ । सगरमाथा आरोहणका क्रममा हुने उसैको क्रियाकलापमा कथानक अगाडि बढाइएको छ । ऊ सामू उसको उद्देश्य छ । उद्देश्यहीन जीवन मृत्यु हो । मृत्यु कुनै उद्देश्य होइन । भन्दै आरोहीले रोकिनु, थाक्नु, जम्नुलाई सधै परपरै धकेल्छ । ऊ खुम्बु आइसफलको फेदीमा ५३ सय मिटरको उँचाइमा रहेको आधार शिविरसम्म भरियाहरूको साथ लिन्छ । सहयात्रीहरूलाई जीवनको सरलता सम्झाउने ऊ आफू चाहिँ आफ्नो आरोहणको जटिलतालाई एक्लै सामना गर्न तत्पर भएको छ ।

उसमा यति धेरै साहस भर्ने, अठोटले उजिल्याउने र लगनशील बनाउने उसको प्रेमिका प्रतिको प्रेमले हो । जुन प्रेमको सार्थकता र पूर्णता ऊ आफूले सगरमाथा चुम्दा मात्रै सिद्ध हुने ठान्छ । प्रेमिकालाई सफल आरोहणको उपहार दिनु उसले महान प्राप्ति सोचेको छ । आरोहणका क्रममा ऊ ठाडो बाटोमा यस अघि अरु नै आरोहीले बाँधि राखेको डोरी समात्दैन । आफैले

लगेको डोरीले भर्जिन यात्रा गर्छ । अन्तत : विजयको सन्तुलित खुसी मनाउँदै ऊ प्रेमको इतिहास बनाएर चुलीबाट फर्किने क्रममा जुट्छ ।

फर्किनेक्रममा जति सर्तकता अपनाएपनि सङ्घर्षको आँधिले गलाएरै छाड्छ । उपन्यासको प्रमुख पात्र ऊ मर्दा पनि नैराश्यमा डुबेर मरेको छैन । एउटा पूर्ण आशावादी, जीवनवादी दृष्टिकोण बोक्ने प्रमुख पात्र जीवन संघर्षको अबिराम यात्रीको रूपमा प्रस्तुत भएको छ ।

उपन्यासमा चरित्रको स्थान महत्वपूर्ण मानिन्छ । चरित्रबिना उपन्यास रचना गर्न सकिदैन । समाज सापेक्ष रहेर समाजको प्रतिबिम्ब हुने गरी पात्र छनोट गर्नुआवश्यक देखिन्छ । पात्रहरू मानवीय मानवेत्तर र जड रूपमा आएको हुन्छन् । कृतिमा उपस्थित पात्रहरूलाई तिनिहरूको स्वभाव र प्रवृत्तिका आधारमा, लिङ्ग, कार्य, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा विश्लेषण तथा वर्गीकरण गर्न सकिन्छ ।

चुली उपन्यासमा उपस्थित पात्रहरूलाई हेर्दा ऊ पात्र कै प्रमुख भूमिका देखिन्छ । अरु पात्रहरू भरिया सहायक देखिएता पनि सबै गौण रूपमा देखिएका छन् । ऊ पात्र सबै पात्रहरू सामूहिक पात्रका रूपमा देखिएका छन् । भरियाहरू, गाइडहरू, पर्वतारोहीहरू सामूहिक भूमिका निर्वाह गर्ने पात्रका रूपमा आएका छन् । उपन्यासको मूल पात्र ऊ मात्र हो ।

## ४.४ भाषिक चयन

विकल्पबाट कृति विशेषको आवश्यकता र मागअनुसार, वर्ण, अक्षर, रूप, शब्द उपवाक्य र वाक्यगत श्रेणीमा उपयुक्त विकल्पहरूको छनोट गरेर प्रयोग गर्नुलाई चयन भनिन्छ । भाषामा विविधता सिर्जना गर्न विकल्पहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । चयन गरिने शब्दले विविध अर्थ दिएको हुन्छ । भाषा संरचना र साहित्य संरचनामा एकै साथ सम्बन्ध सूत्र स्थापित गर्न कृतिकारले विभिन्न विकल्पहरूको माझबाट उपयुक्त विकल्पको छनोट गरेको हुन्छ । चयनले विविधता, सक्षमता र नवीनता बढाउन कृतिमा विशेष भूमिका खेल्दछ । चयन औपचारिक र अनौपचारिक दुवै शैलीमा हुन सक्दछ । कृतिकार सँग उपलब्ध विकल्पहरू मध्येबाट गरिने कुनै एक विकल्पको छनोट नै चयन हो । चयन साहित्यकारले अभिव्यक्त गर्ने अभिव्यक्तिका स्तरका हुने गर्दछ । तापनि चयनको मुख्य प्रयोजन भाषिक प्रयोगसँग सम्बन्धित हुन्छ । शैलीविज्ञानले यस्तै चयनको विशिष्टतालाई पहिल्याउने गर्दछ । विकल्पहरूको चयनमा एकको कार्यका लागि

अर्काले काम चलाउन सक्ने स्थिति हुन्छ । यहाँ चुली उपन्यासमा भाषिक चयन, शब्द चयन, वाक्य चयन र चिह्नप्रयोग आदिको आधारमा विश्लेषण गरिएको छ ।

### ४.४.१ शब्द चयन

एक वा अनेक वर्ण वा अक्षरले बनेको स्वतन्त्र एकाइ शब्द हो । भाषिक एकाइका लागि शब्द अति आवश्यक हुन्छ । तत्सम्, तद्‌भव र आगन्तुक शब्दलाई उपयुक्त सिमाबाट मिलाउनु नै शब्द चयन हो । शब्द चयन लेखक वा कृतिकारमा भर पर्दछ । शब्द व्याकरणिक व्यवस्थाको केन्द्रीय एकाइ हो । चुली उपन्यासमा समाविष्ट शब्दहरूको चयनलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

(क) तत्सम शब्द चयन

संस्कृत भाषाबाट रूप परिर्वतन नगरी जस्ताको जस्तै नेपाली भाषामा प्रयोग हुने शब्दलाई तत्सम शब्द भनिन्छ । नेपाली भाषाको मूल स्रोत संस्कृत भाषा भएकाले नेपालीमा तत्सम् शब्दको प्रयोग हुने गर्दछ । प्रस्तुत कथामा समाविष्ट तत्सम शब्दका उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- मान्छेको **अभिशप्तता**लाई जीवनका फूल भन्न मिल्दैन । (पृष्ठ १३)
- यो पद यात्रा एक **अभ्यस्तताको** यात्रा हुन्छ । (पृष्ठ २०)
- मान्छे आफ्नै इतिहासको **स्वप्न द्रष्टा** हो । (पृष्ठ ३२)
- **शीतदंश**, जुन घातक हुन सक्छ साह्रै नै । (पृष्ठ ३६)
- उसलाई यो **क्रिया** आफ्नै जिउको **उत्खनन** जस्तो लाग्छ । (पृष्ठ ३६)
- हिमाल चढ्नु भनेको कुनै अत्याधुनिक **वातानुकूलित** लिफ्ट चढ्नु जस्तो सजिलो कुरा अवश्य होइन । (पृष्ठ ३७) ।

माथिको गाढा अक्षरमा लेखिएका शब्दहरू तत्सम्, शब्दहरू हुन उपन्यासमा तत्सम् शब्दको प्रयोग अधिक मात्रामा भएको देखिन्छ । उपन्यासको भाषिक पक्षलाई तत्सम् शब्दको प्रयोगले उत्कृष्ट बनाएको देखिन्छ ।

(ख) तद्भव शब्द चयन

संस्कृत स्रोत भाषाबाट रूप परिवर्तन भएर नेपाली भाषामा आएका शब्दलाई तद्भव शब्द भनिन्छ। संस्कृत भाषाबाट यसरी आउने शब्दहरू पुरै रूप परिवर्तन गरेर र केही रूप मात्र परिवर्तन भएर आएको पाइन्छ। चुली उपन्यासमा प्रयोग भएका तद्भव शब्दहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- कहिले काहीँ सानो **मान्छे**लाई पनि ठूलो झोँक चल्छ। (पृष्ठ १६)
- उसका**आँखा** एक अनपेक्षित आवाजले खुल्छ। (पृष्ठ १८)
- **राति** खाने बेला एक जना भरिया साथीले उसलाई सोध्छ। (पृष्ठ १७)
- **घाम** उसको निधारबाट उदाउँछ। (पृष्ठ ५२)
- यहाँ उसलाई **पानी** पिउने मन हुन्छ। (पृष्ठ ५४)
- जो चुलीमा अल्मलिई बस्छन् उनीहरू चुली टेक्दैनन्, चुली उनीहरूलाई टेक्छन्, ऊ **घडी** हेर्छ। (पृष्ठ ६३)।

माथिका गाढा अक्षरमा लेखिएका शब्दहरू तद्भव शब्दहरू हुन्। प्रस्तुत कथामा तद्भव शब्दहरूको प्रयोग तुलनात्मक रूपमा सामान्य रहेको छ।

(ग) आगन्तुक शब्द चयन

संस्कृत भाषा बाहेक अन्य भाषाबाट आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ। प्रस्तुत उपन्यासमा आगन्तुक शब्दको प्रयोग पनि तत्सम र तद्भव शब्द भन्दा अझ बढि प्रयोग भएका छन्। उक्त उपन्यासमा अङ्ग्रेजी, फारसी, अरबी आदि शब्दहरू प्रयोग भएका छन्। जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- **बेसक्याम्पमा** त मेलै रहेछ। (पृष्ठ ०)
- अपेक्षाकृत छोटो समयमा **तम्बु** ठडिन्छन् (पृष्ठ ११)
- ऊ विभिन्न अभियान दलका भरिया र **गाइड**सित घुलमिल गर्न मन पराउँछ। (पृष्ठ १२)
- सुत्ने बेला**स्लिपिङ ब्याग**मा घुस्रँदै ऊ सोच्छ। (पृष्ठ १७)
- ऊ हिउँका गड्गडाहट र **ग्लेसियर** चट्कनका आवाज सुन्न पहिल्यैदेखि तयार हुन्छ। ( पृष्ठ १८)

- **अमाडब्लमको** बदलिरहने दृश्य छटाहरू सम्भन्छ । (पृष्ठ २७)
- **ऊ** आफ्नो जिउमा बाँधिएको डोरी हिम बन्चरो (**आइस एक्स**) र खुँटी (**आइस पिटन**) प्रयोग गर्दै चढाइ गर्न थाल्छ (पृष्ठ ३३) ।

(घ) झर्रा शब्द चयन

अन्य कुनै भाषाबाट नआएका नेपाली भाषाका आफ्नै निजी स्रोतका शब्दलाई झर्रा शब्द भनिन्छ । झर्रा शब्दहरू आफ्नै भूमि र परिशसँग मेल खाने हुन्छन् । उपन्यासमा प्रयोग भएका झर्रा शब्दहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- "ह्यँ त यति जाडो, माथि क्यारी जान्छ मुन्छे ?" (पृष्ठ १०)
- निकै थाकेपछि अडिँदै स्वाँफ्वा गर्दै ऊ भरियाहरूलाई सुनाउँछ । (पृष्ठ १९)
- यसपाली जाडाले ह्यैं मरिन्छ कि क्या !"

(ङ) अनुकरणात्मक शब्द

विभिन्न भाव अवस्था र वस्तुको गति, चाल आदिको नक्कल गरी बनेका शब्दहरू हुन् । कुनै वस्तुको आवाज, घटना आदिबाट उत्पन्न ध्वनिलाई नक्कल गरी उतारिएका शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ । उपन्यासमा समाविष्ट अनुकरणात्मक शब्दलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- सबै **हलल्ल** हाँस्छन् । (पृष्ठ १०)
- केही सुँघ्दै र **फुँफु** गरी थुतुनोबाट तातो बाफ छोड्दै उसलाई फन्फन्ती घुम्छ । (पृष्ठ १८) ।
- ऊ हिम बन्चरो धपधप हिउँमा गाडी **सइँसुइँ** गर्दै लामो सास फेरि कहिले घुँडा टेकी, कहिले पेटको बलले घस्री-त्यो कहालीलाग्दो चढाइ पार गर्छ (पृष्ठ ५२)
- चिसो हावामा**स्वाँस्वाँ-फ्वाँफ्वाँ** गर्दै तातो सास छोड्छ । (पृष्ठ ३३)
- ऊ कति समय हिमबन्चरोको मुठ हिउँमा गाड्दै, घुँडा **टेक्दै र घस्रँदै** हिड्छ । (पृष्ठ ५९)

अनुकरणात्मक शब्द चयन चुली उपन्यासमा कम मात्रामा समाविष्ट हुन् । अनुकरणात्मक शब्दले उपन्यासलाई थप विशिष्ट बनाएको छ ।

(च) सर्वनाम शब्द चयन

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । उपन्यासमा समाविष्ट सर्वनामलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- "अब म हिड्नुपर्छ", **ऊ** भरियालाई भन्छ अनि फुर्तिसाथ रुकस्याक भिर्छ । (पृष्ठ २०)
- **उसका** भरिया साथीहरू त्यहाँ दिउँसै पुगेका रहेछन् ।
- त्यसपछि**उनीहरू** असाध्य भावुक हुँदै **उसलाई** खादा दिन्छन् । (पृष्ठ २६)
- **जो** जीवनको अर्थ बुझ्दैनन् **उनीहरू** भनिठान्छन् हामीहरू असुरक्षित जीवन बाँचिरहेछौँ । (पृष्ठ ३२)
- हिमालमा यसरी निदाउनु हुन्न भन्ने जान्दाजान्दै पनि **उसका** आँखा लोलाउन थाल्छन् । ( पृष्ठ ४७)
- प्रत्येक पल्ट मृत्युसित लुकामारी खेल्दा जीत **उसैको** हुन्छ । (पृष्ठ ५२)

पुरै उपन्यास सर्वनाम ऊ पात्रको माध्यमबाट लेखिएकाले यस उपन्यासमा धेरै मात्रामा सर्वनाम शब्द चयन समाविष्ट छन् ।

(छ) विशेषण शब्द चयन

नाम वा सर्वनामको विशेषता, गुण, दोष, परिणाम जनाउने शब्दलाई विशेषण भनिन्छ । विशेषविशेष्यको अघि वा पछि आउने गर्दछ । प्रस्तुत उपन्यासमा समाविष्ट विशेषण शब्दहरूको उदाहरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- ठूला अभियान दलका **ठूला** मान्छेहरू यसरी सोध्छन् ।
- हामीले जति समिट बिड गरे पनि **कुइरहे**को जति हाम्रो नाम हुँदैन । (पृष्ठ १४)
- पर ढुंगाको लहप्साङमुन्तिर बसी अजंगको **भोटे** कुकुर जोड जोडले भुकिरहेको हुन्छ । ( पृष्ठ १८)
- प्रियसी, म तिमीलाई **सगरमाथा** जति माया गर्छु । (पृष्ठ ६१)

(ज) क्रियापदको चयन

वाक्यमा केन्द्रविन्दुका रूपमा रही कनै वस्तु वा व्यक्तिका सम्बन्धमा केही कुराको विधान गर्ने शब्दलाई क्रिया भनिन्छ । क्रियाको मूल स्रोत धातु हो । धातुमा नु प्रत्यय गासिदा क्रिया बुझिन्छ भने धातुमा विविध प्रत्ययहरू लागेपछि क्रिया, लिङ्ग, वचन, पुरुष आदि व्याकरणिक कोटी बुझाउनका लागि रूपायित हुन्छ । चुली उपन्यासमा समाविष्ट क्रियापदको चयन निम्नानुसार गरिएको छ :

- वास्तवमा उनीहरू जीवनहीन जीवन **बाँचिरहेछन्** । (पृष्ठ ३२)
- असाध्य चिसो र ठूलो हावाहुरीले उसलाई **सताइरहेको हुन्छ** (पृष्ठ ४०)
- ऊ आफ्नो हिमालको चुली छेउ**पुगिसकेको छ** । (पृष्ठ ४७)
- ऊ सगरमाथाको चुली **टेकिरहेको हुन्छ** । (पृष्ठ ६०)
- उसकी प्रियसी उसका सुन्निएका र चिसोले खाएका अङ्गहरूमाथि प्रेमको न्यानो **खनाइरहेकी छे** । (पृष्ठ ६१)
- उसले आफ्नो समस्या **बिर्सिराखेको थियो** । (पृष्ठ ६५)

(झ) क्रियायोगी शब्दको चयन

क्रियासँग सम्बन्ध राख्ने वा क्रियाको विशेषता बुझाउने अविकारी शब्दलाई क्रियायोगी भनिन्छ । यिनीहरूको रूप परिवर्तन हुँदैन । क्रियायोगी शब्दहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- रंगीविरंगी ध्वजापता जुङ्ताहरूमा टिकाउँछ, **जुन** चिसो हावामा बेतोडले फरफराइरहेका हुन्छन् । (पृष्ठ १०)
- **भोलि म** पनि लहप्साङमा खादा चढाउँछु है ? । (पृष्ठ २३)
- युवती कुन तम्वु **भित्र** हिरी, उसलाई थाहै हुन सक्दैन ।। (पृष्ठ २५)
- ऊ**यहाँ** छुट्टी बिताउन आएको होइन ।। (पृष्ठ २५)
- उसलाई थाहा हुन्छ अन्तिम चढाइको यात्रामा हिड्नुभन्दा **पहिले** शारीरिक एवं मानसिक रूपले स्वस्थ हुनु आवश्यक हुन्छ ।। (पृष्ठ ४९)
- ऊ **कतिन्जेल त्यसरी** चढाइ गर्छ, विशुद्ध अनुमानित चढाइ ऊ आफैलाई थाहा हुँदैन ।

- रास्रो योजना गरिएन भने सपना **सधैं** सपनै रहन्छ । (पृष्ठ २५)

(ञ) नामयोगी शब्द चयन

नाम वा नामिक पदसँग विभक्ति, प्रत्यय झैं जोडी अर्थलाई प्रभावित पार्ने अविकारी शब्दलाई नामयोगी भनिन्छ । नामयोगी शब्दले स्थान, समय, रीति, दिशा आदि अनेक अर्थ बुझाउँछन् । प्रस्तुत उपन्यासमा नाम योगी शब्दहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- "दुर्घटनाहरू**सित**लुकामारी खेल्नुको नाम नै हो जीवन ।" (पृष्ठ २२)
- **पहिले** झैं त्यहाँ बिछ्याइएका भऱ्याङे पुल र आफू**सित** भएको भऱ्याङ, डोरी प्रयोग गरी अघि बढ्न थाल्छ । (पृष्ठ २८)
- ऊ आफ्नी प्रियसीलाई सहराको म्वाइँ खान्छ । **त्यसपछि** हिउँमा पुरिएको जिउलाई हिउँबाट मुक्त पार्ने प्रयास गर्छ । (पृष्ठ ३६)
- ऊ केही झस्किएर **पछिल्तिर** फर्कन्छ (पृष्ठ ४३)
- दुई **दिनसम्म** मौसम बिग्रेको हुँदा खुम्बु ग्लेसियर भरिका बाटोमा अत्याधिक हिमपात भएको हुन्छ । (पृष्ठ २७)

(ट) संयोजक शब्द चयन

शब्द, पदावली, उपवाक्य र वाक्यका एकाइलाई जोड्न प्रयोग गरिने शब्दलाई संयोजक भनिन्छ । चुली उपन्यासमा समाविष्ट संयोजक शब्दलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- साथमा छन् उसका भारी बोक्ने भरियाहरू**तर** गाइड छैन । (पृष्ठ ९)
- ऊ सर्वत्र आँखा घुमाई लहप्साङ -पुजास्थल) मा टिकाउँछ **अनि** रंगीविरंगी ध्वजापता जुङताहरूमा टिकाउँछ जुन चिसो हावामा बेतोडले फरफराइरहेका हुन्छन् । (पृष्ठ १०)
- ऊ विभिन्न अभियान दलका भरिया **र** गाइडसित घुलमिल गर्न मन मन पराउँछ । (पृष्ठ १२)
- "जीवनमा दुख छ, **तर** दुःख होइन ।" (पृष्ठ १७)
- ऊ **न** ढिलो **न** छिटो एकनासको आदर्श गतिमा हिँड्छ । (पृष्ठ २०)

(ठ) विस्मयादिबोधक शब्दको चयन

मानिसका मनका हर्ष, विस्मात, शोक, घृणा, निन्द्रा, प्रशंसा, खुसी आदि मनोभाव बुझाउने शब्दलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- त्यसपछि चिसो हावामा सासको बाफ उडाउदै हाँस्छन् **"हाहाहाहा ! होहोहोहोहो !"** (पृष्ठ १५)
- हिम पहिरो भ्यानक गड्गडाहटसहित त्यहाँबाट गुज्रन्छ, **"हे भगवान !"** ऊ आँखा चिम्लिन्छ । (पृष्ठ ३५)
- "**थुक्क** !" ऊ आफैसित झोकिन्छ । (पृष्ठ ४३)

(ड) निपात शब्दको चयन

वाक्यमा रहेको भाव वा अर्थलाई मिठासपना ल्याउन तथा वाक्यमा रसिलोपना ल्याउन प्रयोग गरिने शब्दलाई निपात भनिन्छ । वाक्यमा प्रयुक्त भई नजिकको शब्द वा वाक्यको अर्थलाई प्रभावित पार्ने अव्यय शब्द निपात हो । निपातले वाक्यमा प्रयोग हुँदा अर्थ दिदैन । वाक्यको अवधारणा, सम्भावना, अनुमति आदि वाक्यात्मक अभिव्यक्तिलाई पोषण गर्दछ । उपन्यासमा समाविष्ट निपात शब्दलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- एक जना भरिया साथीले **त** माप्पाको जवाफ फर्काइदिन्छ । "माथि स्वर्गमा जाडो हुन्न हो ।" (पृष्ठ १०)
- कत्तिलाई**त** समिटबाट बोकेर झार्नुपर्छ । (पृष्ठ १४)
- राति खाने बेला एकजना भरिया साथीले उसलाई सोध्छ "हजुर अघि त्याँ अरु साथीहरूले के कुरा गरेथे, **कुन्नि**? (पृष्ठ १७)
- "र, यो **कुकुर** यहाँ कहाँबाट आइपुग्यो हँ ? (पृष्ठ १८)
- ऊ भरियाहरूलाई सुनाउँछ "हिमालमा हामीले एउटा साथी पायौ **हगि** ?" (पृष्ठ १९)

### ४.४.२ वाक्य चयन

उपवाक्य भन्दा ठूलो वा माथिल्लो स्वतन्त्र भाषिक एकाइलाई वाक्य भनिन्छ । वाक्यमा उद्देश्य खण्ड र विधेय खण्ड रहेको हुन्छ । उद्देश्य खण्ड र विधेय खण्ड भएको दुई वा दुई भन्दा

बढी सार्थक शब्द मिली बनेको पुरा कुरा जनाउने उपवाक्य भन्दा ठूलो स्तन्त्र भाषिक एकाइलाई वाक्य भनिन्छ (पौडेल र पौडेल २०५५ : १२८) ।

संरचनागत आधारमा वाक्य सरल र जटिल दुई किसिमका हुन्छन् । उपवाक्य पनि मुख्य उपवाक्य र आश्रित उपवाक्य हुन्छन् । एउटा उद्देश्य र एउटा विधेय भएको वाक्यलाई सरल वाक्य भनिन्छ । सरल वाक्यमा एउटा मात्र समापिका क्रिया रहेको हुन्छ । जटिल वाक्यमा एक भन्दा बढी समापिका क्रियाको प्रयोग गरिएको पाइन्छ । एक भन्दा बढी स्वतन्त्र तथा आश्रितउपवाक्य रहेका हुन्छन् । संयुक्त र मिश्र गरी जटिल वाक्य पनि दुई किसिमका हुन्छन् । उपन्यासमा समाविष्ट सरल वाक्य, संयुक्त मिश्र गरी जटिल वाक्य पनि दुई किसिमका हुन्छन् ।

उपन्यासमा समाविष्ट सरल वाक्य, संयुक्त, मिश्रवाक्यको प्रयोग क्रियाहिन वाक्यको चयन आदिका आधारमा निम्नानुसार क्रमश : विश्लेषण गरिएको छ ।

(क) सरल वाक्य

- हिमाल चढ्नु भनेको बाँच्नु हो । (पृष्ठ ९)
- ऊ आधार शिविरको फन्को मार्छ । (पृष्ठ ११)
- तपाईंको अभियान सफल होस् । (पृष्ठ १२)
- भोटे चियाको प्याला रित्तिन्छ । (पृष्ठ १५)
- ऊ उठ्न सफल हुन्छ (पृष्ठ ३६)
- ऊ उत्साहले मुस्कुराउँछ (पृष्ठ ५८)

(ख) संयुक्त वाक्यको चयन

स्वतन्त्र र समान उपवाक्यलाई निरपेक्ष संयोजकले जोडी बनेको वाक्यलाई संयुक्त वाक्य भनिन्छ । संयुक्त वाक्यमा दुवै उपवाक्यहरू परस्परमा समान हुने भएकाले दुवै उपवाक्य मुख्य वा प्रधान हुन्छ ।

संयुक्त वाक्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- कसैका लागि हिमाल चढ्नु पेसा बन्छ भने कसैका लागि उद्देश्य । (पृष्ठ १६)
- त्यसको असर अरु भरिया र गाइडमा पनि पर्छ । (पृष्ठ १६)

- ऊ तनमा हो कि मनमा हो काम्छ, सिरिंग भई । (पृष्ठ ३२)
- जीवनमा हिमालहरू जति अग्ला हुन्छन्, त्यतिनै चुनौतीपूर्ण र भयानक पनि हुन्छन् । (पृष्ठ ५६)

(ग) मिश्र वाक्यको चयन

एउटा मुख्य र अरु आश्रित उपवाक्य मिलेर बनेको वाक्यलाई मिश्र वाक्य भनिन्छ । मिश्र वाक्यका उपवाक्यहरू परस्पर स्वतन्त्र नभई एउटा उपवाक्यको अधीनमा अर्को उपवाक्य रहन्छ । मिश्र वाक्यलाई सापेक्ष संयोजकले जोडेको हुन्छ । उपन्यासमा समाविष्ट मिश्रवाक्यको चयनलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- नयाँ भरिया साथीले भने झै ऊ पनि अब नयाँ जाडो मान्छ, तर गाह्रो भने पटक्कै मान्दैन । (पृष्ठ ११)
- आङरिता, आप्पा, बाबुहिरीहरूले त मैले भन्दा धेरै पल्ट समिटबिड गरिसके तर हामीले जतिपल्ट समिटविड गरे पनि कुइरहेको जति हाम्रो नाम हुँदैन (पृष्ठ १४)
- ऊ हिउँढिक्कोबाट उठेर बाटो भन्दा अलिकति पर तर सुरक्षित ठाउँमा बस्छ । (पृष्ठ ४४)

(घ) अङ्ग्रेजी शब्द मिश्रित वाक्य

उपन्यासकारले चुली उपन्यासमा अङ्ग्रेजी शब्दको प्रयोग अत्यधिक मात्रामा गरिएको छ । वाक्यमा मिश्रित भएर प्रयोग भएका वाक्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- बेसक्याम्पमा त मेलै रहेछ । (पृष्ठ ९)
- ऊ**टिसर्ट** माथि हावा छेल्ने पातलो **ज्याकेट** लगाएर **तम्वु**बाट बाहिर निस्कन्छ । (पृष्ठ ११)
- सुत्ने बेला **स्लिपिङव्याग**मा घुस्रेदै ऊ सोच्छ हिमालमा सबभन्दा भ्याउलाग्दो कुरा धेरै समय **स्लिपिङ व्याग**मा घुस्रिरहनु हुन्छ । (पृष्ठ १७)
- यो हिमाल चढ्ने बाटा धेरै छन् - जस्तो **साउथ कोल** बाटो, **वेस्ट रिज** बाटो, **नर्थ कोल**बाटो, **साउथ वेस्ट फेस, वेस्ट रिज डाइरेक्ट, नर्थइस्ट रिज, काङसुङ फेस, नर्थ वेस्ट फेस ।** (पृष्ठ २९)
- ऊ हिलारी **स्टेप** माथि आँखा उचाली हेर्छ । (पृष्ठ ५६)

- ऊ मान्छेहरूले भनेको सम्भन्छ-सगरमाथा चढ्दा खुम्बु आइसफल मृत्युको पहिलो ढोका हो भने चुलीधार (**Summit Ridge**) को हिलारी **स्टेप** मृत्युको अन्तिम ढोका हो । (पृष्ठ ५६)
- ऊ टाउकोको **फ्लासलाइट** निभाउँछ अनि महान हिमाली उच्चता सुरम्य बिहानीको आनन्द अनुभव गर्दै **रेजर्स एज** आइपुग्छ ।

(ङ) चिह्नगत विचलन

भाषाको प्रयोग कथ्य र लेख्य दुवै रूपमा गरिन्छ । कथ्य भाषामा कुनै कुराको आशय बताउन वा कुनै पक्षमा जोड दिन र विश्राम लिन सकिन्छ भने भाषाको लेखनमा विराम चिह्न प्रयोग गरी विश्राम देखाइन्छ । कुनै पनि भाषिक अभिव्यक्ति क्रममा लेख्य चिह्नहरूले पद, पदावली, वाक्यांश तथा वाक्यलाई स्पष्ट पारी अर्थ प्रदान गर्न सहयोग गर्दछन् । भाषिक अभिव्यक्तिलाई यस्ता चिह्नको प्रयोगले केही स्वभाविक, केही अर्थपूर्ण र प्रभावशाली बनाएको हुन्छ । चुली उपन्यासमा प्रयोग भएका चिह्नहरू यसरी उल्लेख गरिएको छ ।

(अ) प्रश्नसूचक चिह्न

प्रश्न चिह्नको प्रयोग कसैलाई प्रश्न सोध्न वा जिज्ञासा प्रकट गर्न गरिन्छ । प्रश्न सोध्ने वाक्यका अन्त्यमा प्रश्नसूचक चिह्नको प्रयोग हुन्छ । चुली उपपन्यासमा प्रश्नसूचक चिह्नको बढी मात्रामा प्रयोग भएको छ । यसका केही उदाहरणहरू निम्नानुसार छन् :

- “छ्याँ त यति जाडो छ, माथि क्यारी जान्छ मुन्छे ?” (पृष्ठ १०)
- “के तपाईं एक्लै सगरमाथा चढ्नुहुन्छ ?” (पृष्ठ ११)
- फेरि अर्को एकजना गाइड भन्छ “लास्ट सिजनमा मलाई के भयो, सुन्छौ? (पृष्ठ १४)
- चिया थप्ने ? (पृष्ठ १५)
- “ए यो कुकुर यहाँ कहाँबाट आइपुग्यो, हँ ?” (पृष्ठ १८)
- “खोइ हाम्रो नयाँ साथी ?” (पृष्ठ २३)
- म भोलिपर्सिसम्ममा सगरमाथा चढी आइपुग्नेछ, चिया बसालि राख है ?” (पृष्ठ २६)
- के इतिहास र सभ्यताका हिमालमा बिग्रने मौसम जस्तै कुरा हुन् ?
- “प्रिय ! यो तिमी के गरिरहेछौ ? (पृष्ठ ४७)

- बिना जीवन र सपना, इतिहास र सभ्यताहरू हुन्छन् कहाँ ? (पृष्ठ ४८)

(ख) विन्दु चिह्न

सामान्यत : विन्दु चिह्नको प्रयोग लामालामा प्रसङ्गलाई छोटो रूपमा प्रस्तुत गर्ने सन्दर्भमा गरिन्छ । साहित्यिक अभिव्यक्तिका क्रममा साहित्यकारहरूले सामाजिक मर्यादाअनुसार खुल्ला रूपमा भन्न नमिल्ने खालका कुरालाई बुझाउनका निम्ति पनि विन्दु चिह्नको प्रयोग गर्ने गर्दछन् । चुली उपन्यासमा पनि विन्दु चिह्नको केही मात्रा प्रयोग भएको छ । त्यसका केही उदाहरणहरू तल दिइएका छन् :

- एक जना भरिया भन्छ - दुईचार पैसो कमाल्ला र घरगृहस्थीका गर्जो टारम्ला भनी भारी बोकेर आको दुई मैनाभित्रै घर आइपुग्छु भनी हिडेको .... सुर्ताले मर्ने भए ती !
- क्यार्नु त्यत्तिकै भाग्नु पनि भन॥ ।" (पृष्ठ-१३)
- एकपल्ट सोच्नुहोला है, म अनुरोध गर्छु ..... प्लिज,"
- अरु दुई दिन पर्खनुहोस् ....... । (पृष्ठ- २६)
- यती हिमालमा हुन्छ कि मान्छेको मनमा हुन्छ ?..... (पृष्ठ ४२)
- आँखाले देख्न छोड्यो भने के गर्ने ? .... (पृष्ठ ४१)
- सृष्टिको आदिकालदेखि तुफानहरका अस्तित्व छन् भने तिनका अर्थहर पनि छन् । (पृष्ठ ६८)

(ग) विस्मयसूचक चिह्न

शब्दद्वारा जब मानिसका मनोदशाहरू पूर्ण रूपमा अभिव्यक्त हुन सक्दैनन् तब त्यतिखेर चिह्नले ती मानवका मन भित्रका मनोदशाहरूलाई पूर्णभिव्यक्ति प्रदान गर्दछ । विस्मयादिबोधक चिह्नद्वारा मानवमनका मनोभावहरूलाई पूर्णरूपमा अभिव्यक्त गर्न सहयोग प्राप्त हुन्छ । मानव मन भित्रका जिज्ञासा, आश्चर्य, कौतुहल, प्रसन्नता, हर्ष आदि सबैलाई विष्मय चिह्नले अभिव्यक्त गर्दछन् । चुली उपन्यासमा पनि विस्मय चिह्नको प्रयोग भएको छ । यसकाकेही उदाहरणहरू निम्नानुसार छन् :

- हाम्रो गाउँको बर्षे मेलामा त यति धेरै मुन्छ हुन्नन् , गाँठो ! "
- सगरमाथा चढ्नु हाम्रो पेसा हो, के भन्ने !" -पृष्ठ १६)

- हिमपहिरो भयानक गड्गडाहट सहित त्यहाँबाट गुज्रन्छ । ” हे भगवान ! ऊ आँखा चिम्लन्छ । (पृष्ठ ३५)
- “प्रिय ! यो तिमी के गरिरहेछौ ? (पृष्ठ ४७)
- ऊ मनमनै भन्छ - “बन्धु ! तिमी सगरमाथा चुली टेकेर शवमा परिणत भयौ कि चढाइकै क्रममा कुनै दुर्घटना, थकाइ र चिसोले शवमा परिणत भयौ म जान्दिनँ, तर हेर म सगरमाथाको चुली टेकेर फर्कदैछु । (पृष्ठ ६७)

**४.४.३ भाषिक विचलन**

भाषाको प्रयोगगत र प्रयुक्तिगत मानक रूपमा अतिक्रमण गर्नु वा उलङ्घन गर्नुलाई भाषिक विचलन भनिन्छ । कुनै पनि कुरालाई नवीन ढङ्गमा वा बक्रताद्वारा तिखा, खिरिलो, चोटिलो, घतिलो वा उज्यालो बनाउन यस्तो विचलनले खानामा चट्नीको जस्तो स्वाद र मिठास प्रदान गरेको हुन्छ । खास साहित्यमा विशिष्टता प्रदान गर्नु विचलनको मुख्य प्रयोजन हो, विचलन, वर्ण, रूप, शब्द, पदावली, उपवाक्य, वाक्य जस्ता भाषिक एकाइका स्तरमा देखिन्छ । सामान्य तथा भाषामा कोशीय विचलन, व्याकरणिक विचलन, प्रयुक्ति विचलन जस्ता विचलनहरू देखापर्दछन् । कृतिकारकका अनुसार विचलनको प्रयोगमा भर पर्दछ ।

उपन्यासमा प्रयुक्त विचलनलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**४.४.३.१ व्याकरणिक विचलन**

लिङ्ग, वचन, पुरुष, पक्ष, भाव, पदक्रम, करण -अकरण, वाच्य, उक्ति आदि विविध पक्षमा देखापर्ने विचलनलाई व्याकरणिक विचलन भनिन्छ । चुली उपन्यासमा प्रयुक्त व्याकरणिक चिचलनलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

- आधार शिविरको यही जाडोमा उसलाई सातादिन बिचाउनु छ , अभ्यास्त हुन । (पृष्ठ ११)
- ऊ सबैसित मुस्कुराइदिन्छ जहाँ फूल फुर्ल्दैन त्यहाँ आत्मविश्वासको फूल फुलाएर । (पृष्ठ १२)
- हिउँको आतंक । हिमखाल्डाहरू निला-हरिया र नीखता मात्रै । (पृष्ठ २८)
- हिम पहिरो माथिबाट सिधै ऊ भए तिरै आइरहेछ र त्यसको गति कम्तिमा पनि सय माइल प्रतिघन्टा छ । पृष्ठ ३४)

#### ४.४.३.२ कोशीय विचलन

शब्दकोशले समावेश नगरेका मौलिक वा नवीन शब्दको प्रयोगलाई कोशीय विचलन भनिन्छ ।

#### ४.४.३.३ ध्वनिप्रक्रियात्मक विचलन

भाषाको कुनै खास एकाइको उच्चारणमा मानकसँग प्रष्ट रूपमा छुट्याउन सकिने अन्तर नै ध्वनिप्रक्रियात्मक चिलन हो । (ढकाल, २०६४), उपन्यासमा प्रयुक्त ध्वनिप्रक्रियात्मक विचलनका उदाहरण यसप्रकार छन् :

- "हयाँ त यति जाडो छ, माथि क्यारी जान्छ मुन्छे ?" (पृष्ठ १०)
- यसपाली जाडाले हयैं मरिन्छ कि क्या ! (पृष्ठ १३)

#### ४.४.३.४ लेख्य प्रक्रियात्मक विचलन

शाब्दिक लेखाइका क्रममा देखापर्ने चिलनलाई लेख्य प्रक्रियात्मक विचलन भनिन्छ । कथामा प्रयुक्त लेख्य प्रक्रियात्मक विचलन यसप्रकार छन् :

- फेरि अर्को एकजना गाइड भन्छ - लास्ट सिर्जनमा मलाई के भयो, सुन्छौ ? (पृष्ठ २६)
- अनि पछि सोच्छ यस्ता ठाडा चढाइ बाटोमा कति छन् कति .......!
- ऊ पुरा नब्बे पाउन्डको भारी पिठ्यँमा बोकेर उत्साहपूर्वक सोध्छ - जीवन भनेको कहिले हावाहुरी, कहिले आँधीतुफान त कहिले चकमन्न शान्ति र सुन्दरता हो । (पृष्ठ २८)

### ४.४.४भाषिक समानान्तरता

भाषाको नियमित पालनालाई समानान्तरता भनिन्छ । समानान्तरता सादृश्य मूलक पुनरावृत्तिका रूपमा देखा पर्दछ । समानान्तरता आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । भाषा प्रयोगका सन्दर्भमा एक वा एक भन्दा बढी पटक ध्वनि, वर्ण, रूप, शब्द, पद, पदावली, उपवाक्य वाक्यका तहमा बाह्य स्वरूप आवृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । भावार्थ वा वाच्यार्थका विचमा आन्तरिक रूपले रहने अर्थगत सादृश्यता, नियमितता वा समानान्तरतालाई आन्तरिक समानान्तरता भनिन्छ ।

चुली उपन्यासमा प्रयुक्त समानान्तरतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) वर्णगत समानान्तरता

वर्णगत समानान्तरतालाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

- कहिलेकाहीँ सानो मान्छेलाई पनि ठूलो झोक चल्छ । (पृष्ठ १६) यहाँ ल वर्णको आवृत्ति
- आधार शिविर छेउको हिमालमा कुनै हिउँपहिरो जाँदैन । (पृष्ठ २३) यहाँ र वर्णको आवृत्ति
- हिउँमा पुरिएको जिउलाई हिउँबाट मुक्त पार्ने प्रयास गर्छ । (पृष्ठ ३६) यहाँ उ वर्णको आवृत्ति
- चिप्लो न चिप्लो अनि भिरालो हिउँको सतहमा चिप्लँदै उसको जिउ पुरै अन्यिन्त्रित पारामा तल ढलानतिर सोझिन्छ । (पृष्ठ ४३) यहाँ ल वर्णको आवृत्ति

(ख) शब्दको आवृत्ति

शब्दको आवृत्तिलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

- जीवनमा दुःख छ, तर जीवन दुःख होइन । (पृष्ठ १७) जीवन/दुःख शब्दको आवृत्ति
- ऊ बुझ्छ, पहिले-पहिलेका अभियान दलका मान्छेलाई खुम्बु आइसफलमा बाटो बनाउन आठ दस दिन लाग्थ्यो । (पृष्ठ २२) पहिले शब्दको आवृत्ति
- ऊ छक्क माथि छक्क पर्छ । (पृष्ठ २५) छक्क शब्दको आवृत्ति
- एउटा खतरापछि अर्को खतरा । (पृष्ठ ५२) खतरा शब्दको आवृत्ति

(ख) आन्तरिक समानान्तरता

भावार्थ वा वाच्यार्थका बिचमा आन्तरिक रूपले रहने अर्थगत सादृश्यता नियमितता वा समानतालाई आन्तरिक समानान्तरता भनिन्छ । कथामा प्रयुक्त आन्तरिक समानान्तरतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

कुनै पनि कृतिलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि उपयुक्त र सान्दर्भिक भाषिक प्रयोग अति आवश्यकीय पक्ष हो । रचनाहरूको निर्माण समाजको सापेक्षतामा गरिने हुनाले त्यहाँको स्थानीय परिवेश र भाषाले प्रभाव पार्दछ ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

कुनै पनि विषयमा भएका समग्र व्याख्या, विवेचना, वर्णन तथा अभिव्यक्तिबाट छोटकरीमा महत्वपूर्ण कुरा अर्थात निचोड निकाल्नु नै सारांश हो । यस शोधपत्रमा शैली विज्ञानको विशेष चर्चा परिचर्चा गरिएको छ । शैलीविज्ञानको आधारमा उपन्यासकार सरुभक्तको चुली उपन्यासको विस्तृत विश्लेषण तथा अध्ययन गरिएको छ । यही विस्तृत अध्ययन तथा विश्लेषणलाई अध्यायगत आधारमा सारांशको रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको पहिलो अध्याय अन्तर्गत पृष्ठभूमि, शोध समस्या, शोधको उद्देश्य, सान्दर्भिकता र उपादेयता, शोध सीमा, शोध विधि, शोध पत्रको ढाँचा आदिलाई समेटिएको छ । पृष्ठभूमि अन्तर्गत अनुसन्धान तथा शैलीविज्ञानको परिचय, परिभाषा र विकासक्रम अर्थात् थालनीको बारेमा चर्चा गरिएको छ । शोध समस्या अन्तर्गत उपन्यासकार सरुभक्तको चुली उपन्यासको कथानक विश्लेषण, कथाका पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण एवम् विश्लेषण, भाषिक चयन, विचलन र समानान्तरताका आधारमा विश्लेषण गर्नु भनि प्रस्तुत गरिएको छ । त्यसै शोध सीमा अन्तर्गत चुली उपन्यासलाई लिइएको छ । शोध विधि अन्तर्गत पुस्तकालीय विधिका साथै सामग्री सङ्कलनका दुई स्रोत प्राथमिक र द्वितीयलार्य अङ्गालिएको छ । त्यसैगरी शोध पत्रको ढाँचा अन्तर्गत शोध परिचय, शोध विधि र अध्ययन प्रक्रिया, व्याख्या विश्लेषण, निष्कर्ष शैक्षणिक उपयोगितालाई समेटिएको छ ।

दोस्रो अध्ययनको पहिलो खण्डमा पूर्वकार्यको समीक्षालाई प्रस्तुत गरिएको छ भने दोस्रो खण्डमा शैलीविज्ञानको समग्र विश्लेषण गरिएको छ । शैलीविज्ञान भाषा र साहित्यको समन्वयात्मक अध्ययन गर्ने भाषा वैज्ञानिक समालोचना सिद्धान्त हो शैली र विज्ञान दुई शब्दबाट शैलीविज्ञान शब्दका सम्बन्धमा विविध किसिमका चिन्नतहरू भएका छन् । शैली सामान्य र विशिष्ट गरी दुई किसिमका हुन्छन् । सामान्य भन्दा विशिष्ट शैलीविज्ञानलाई भाषा र साहित्यमा अध्ययन परम्परामा उपयोग गरिदै आएको पाइनछ । यसको सम्बन्ध साहित्यिक समालोचना सिद्धान्तसँग पनि उत्तिकै निकट रहन्छ । पूर्वीय र पाश्चात्य दुवै भाषा एवम् साहित्यिक चिन्तन परम्परामा सचेत असचेत जुन रूपमा भए पनि चर्चा परिचर्चा हुँदै आएको शैलीविज्ञानले मूर्त

रूपपाउन भने आधुनिक भाषाविज्ञानको विकास भइन्जेल पर्खनु पऱ्यो । साहित्यिक शैलीविज्ञान भाषाका विविध विधाका कृतिहरूको भाषा वैज्ञानिक अध्ययन पनि हो । साहित्यको भाषावादी विश्लेषण, वस्तुवादी विश्लेषण, वर्णदेखि सङ्कथनसम्मको अध्ययन, साहित्यिक कलाको सिर्जनामा भाषाको उपयोगको अध्ययन साहित्यको कृतिपरक अध्ययन, कृतिको बनोट र वुनोटको अध्ययन, भाषाविज्ञान र सौर्न्यशास्त्रको अध्ययन आदि अध्ययनहरू यसअन्तर्गत पर्दछन् ।

शोध कार्य अध्ययनका क्रममा अबलम्बन गरिएका विधि र प्रक्रियाहरूको आधारमा सरुभक्तको चुली उपन्यासको शैलीविज्ञानिक अध्ययन गर्दा अध्ययनको ढाँचा, अध्ययनको क्षेत्र, नमुना छनोट पद्धति, सूचना सङ्कलनका विधि र साधनहरू, सूचना सङ्कलनका स्रोतहरू आदिको विश्लेषण गरिएको छ । अध्ययनको ढाँचा अन्तर्गत चयन, विचलन र समानान्तरतालाई उल्लेख गरिएको छ । अध्ययनको क्षेत्रमा चुली उपन्यासलाई छानिएको छ । नमुना छनोट पद्धति अन्तर्गत विशेष गरी असम्भाव्य नमुना छनोटलाई प्रस्तुत गरिएको छ । त्यसैगरी सूचना सङ्कलनका साधनअन्तर्गत पुस्तकालीय अध्ययन प्रक्रिया, छलफल विधि, व्याख्यान विधि आदिलाई समेटिएको छ । सूचना सङ्कलनका स्रोत अन्तर्गत प्राथमिक र द्धितीय स्रोतलाई मुख्य आधार बनाइएको छ ।

साहित्यिक संरचनाका आधारमा कुनै पनि कृतिलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि उपर्युक्त र सान्दर्भिक भाषिक प्रयोग आवश्यकीय पक्ष हो । रचनाहरूको निर्माण समाजको सापेक्षतामा गरिने हुनाले त्यहाँको स्थानीय परिवेश र भाषाका विशेषताहरूलाई भाषिक चयन, भाषिक विचलन र भाषिक समानान्तरताका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत उपन्यासमा भाषिक चयनका सन्दर्भमा तत्सम तद्भव, आगन्तुक र झर्रा शब्दहरूको समुचित प्रयोग पाइन्छ भने नाम पद, सर्वनाम, विशेषण, नामयोगी, क्रियापद, क्रिया विशेषण तथा निपातको प्रयोगले भाषा अझ सशक्त बन्न पुगेको छ । त्यसैगरी वाक्य चयनका सन्दर्भमा सरल र मिश्र खालका वाक्य गठन भएको पाइन्छ । लोप चिह्न, प्रश्नवाचन चिह्न र पूर्णविराम चिह्नको समुचित प्रयोग गरिएको छ ।

## ५.२ निष्कर्ष

शैली शब्दको सामान्य अर्थ ढङ्ग, ढाँचा, काइदा वा तरिका भन्ने हुन्छ । विज्ञान शब्दको अर्थ वैज्ञानिक ढङ्गबाट आर्जन गरिने विशेष ज्ञान, विशिष्ट ज्ञान, पर्याप्त आधार भएको वा सत्यतथ्यमा आधारित भन्ने हुन्छ । शैलीविज्ञान अध्ययनले साहित्यलाई भाषिक कला र साहित्यिक

कृतिलाई भाषिक प्रतीकका रूपमा हेर्दछ । कुनै पनि कृतिलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि उपयुक्त र सान्दर्भिक भाषिक प्रयोग अति आवश्यकीय पक्ष हो । रचनाहरूको निर्माण समाजको सापेक्षतामा गरिने हुनाले यहाँको स्थानीय परिवेश र भाषाले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । कुनैपनि कृतिको भाषिक प्रयोगका सन्दर्भमा भाषाका विशेषताहरूलाई भाषिक चयन, भाषिक विचलन र भाषिक समानान्तरताका आधारमा विश्लेषण गर्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा भाषिक चयनका सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको समुचित प्रयोग पाइन्छ । भने नाम पद, सर्वनाम, विशेषण, नामयोगी, क्रियापद, क्रियाविशेषण तथा निपातको प्रयोगले भाषा अझ सशक्त बन्न पुगेको छ । त्यसैगरी वाक्य चयनका सन्दर्भमा सरल र मिश्र खालका वाक्य गठन भएको पाइन्छ । लोप चिह्न, प्रश्नवाचक चिह्न र पूर्णविराम चिह्नको समुचित प्रयोग पाइन्छ ।

उपन्यासमा चरित्रको स्थान महत्वपूर्ण मानिन्छ । चरित्रविना कथा रचना गर्न सकिदैन । समाज सापेक्ष रहेर समाजको प्रतिबिम्ब हुनेगरि पात्र छनोट गर्नु आवश्यक देखिन्छ । पात्रहरू मानवीय, मानवेत्तर र जड रूपमा आएका हुन्छन् । कृतिमा उपस्थित पात्रहरूलाई तिनिहरूको स्वाभाव र प्रवृत्तिका आधारमा लिङ्ग, कार्य, स्वभाव, जीवनचेतना, आसन्नता र आवद्धताका आधारमा विश्लेषण तथा वर्गीकरण गरिएको छ ।

चुली उपन्यासमा उपस्थित पात्रहरूलाई हेर्दा पुरुष पात्रको बाहुल्यता छ भने स्त्रीपात्र उपस्थिति कम मात्रमा छ । चुली उपन्यासमा एक (ऊ पात्र), भरियाहरू, गाइडहरू, युवती, कुकुर, प्रियसी, चियापसले आदि पात्रहरू छन् । ऊ पात्र उपपन्यासको प्रमुख पात्र हो । भरियाहरू, गाइडहरू सहायक पात्रका रूपमा रहेका छन् । युवती, कुकुर, प्रियसी र चियापसले सन्दर्भमा आएका गौण पात्र हुन् । उपन्यासमा आएका सहायक पात्रहरू पनि सामूहिक रूपमा भूमिका निर्वाह गर्ने पात्रका रूपमा आएका छन् । उपन्यासको मूल पात्र ऊ मात्र हो ।

साहित्यिक संरचनाका आधारमा उपन्यासकार सरुभक्तको चुली उपन्यासको विश्लेषण गर्दा बनोट र बुनोटलाई मुख्य आधार बनाइएको छ । बनोट अन्तर्गत बिम्व प्रतीक व्यवस्था, घटना संयोजनको समेत विश्लेषण गरिएको छ । शैलीवैज्ञानिक अध्ययनमा विकल्प र चयन (शीर्षन, पात्र, परिवेश, शब्दवर्ग, बिम्ब प्रतीक चयन) अग्रभूमि निर्माण (समानान्तरता र विचलन) का आधारमा उपन्यासको विश्लेषण गरिएको छ । समानान्तरतालाई बाह्य र आन्तरिक गरी दुई भागमा र

विचलनलाई कोशीय, व्याकरणिक, अर्थतात्विक र प्रयुक्ति विचलन गरी चार भागमा विभाजन गरी विश्लेषण गरिएको छ ।

चुली उपन्यास एक पर्वतारोहीको पर्वतारोहणको कहानी हो । चुलीमा मानवीय जीवनको संघर्षलाई विषयवस्तु बनाएर लेखिएको छ । चुली भित्रको कहानी निकै छोटो छ । औपन्यासिक विधिअनुरूप यसमा सन्तुलित प्रस्तुति छैन । ५२ पृष्ठमा संरचित उपन्यासले गहन विषयवस्तुलाई समेटेको छ । छोटो कथानकमा समेटिएको प्रस्तुत उपन्यास ऊ पात्रले भोगेको जीवन संघर्षको चित्रण गरिएको छ ।

लघु आयममा आबद्ध सरुभक्तको चुली उपन्यास (लघुउपन्यास) मा बाह्य रूपमा कुनै पनि विभाजन गरिएको पाइदैन । यति हुँदाहुँदैपनि सन्दर्भ एवं प्रसङ्ग परिवर्तनका माध्यमबाट यस उपन्यासमा आन्तरिक रूपले विभाजनको रेखा कोर्न सकिने स्थिति स्पष्टै देखिन्छ ।

विश्वकै सर्वोच्च चुली सगरमाथाको आरोहणलाई विषयवस्तु बनाएर लेखिएको चुली उपन्यासमा मानवीय साहसको उत्कृष्ट नमुना प्रस्तुत गरिएको छ ।

## ५.३ उपयोगिता

शोध कार्य र शिक्षण सिकाई दुवै नवीन ज्ञान आर्जनका मार्ग हुन् । शिक्षण सिकाइका तुलनामा शोध कार्य बढी गहन र जिम्मेवारीपूर्ण ज्ञान आदान प्रदानको माध्यम हो । भाषा शिक्षणमा शोधले शिक्षण सिकाइ प्रक्रियालाई परिमार्जन गर्न मद्धत गर्छ । भाषा साहित्यको शिक्षण र अनुसन्धानका बिच अझ गहिरो सम्बन्ध रहन्छ । साहित्यको विधातात्विक संरचना र सन्देशले ज्ञान दिए पनि त्यो ज्ञान सतही जस्तो मात्र हुन्छ । त्यस्तो ज्ञान दिने राम्रो रचना कसरी बन्छ र त्यसले शैली के हो भन्ने कुरा थाहा पाउनमा शैलीवैज्ञानिक अध्ययनले सहयोग पुऱ्याउँछ कृतिको विधागत र भाषिक संरचनाको अध्ययन गरिने हुँदा शैलीवैज्ञानिक अध्ययन शिक्षण सिकाइ प्रकृयाका लागि बढी उपयोगी देखिन्छ । यस आधारमा प्रस्तुत शोध कार्यको शिक्षा शास्त्रीय प्रयोजन छ । यसरी साहित्यको आस्वादनका साथै त्यसको बनोट, बुनोट लगायत समग्र शैली संरचनाको शिक्षण गर्न विद्यार्थीहरूले कुनै पनि साहित्यिक कृतिलाई आस्वाहनका साथै त्यस कृतिको समग्र पक्षको अध्ययन गर्ने बानी बसाल्न सक्छन् । त्यसमा पनि प्रस्तुत शोध कार्य उपन्यास विधामा भएकाले शैलीवैज्ञानिक अध्ययन यसको शिक्षाशास्त्रीय प्रयोजन अझ विशेष र सान्दर्भिक हुने विश्वास गरिएको छ ।

शोध प्राज्ञिक एवं बौद्धिक कार्य हो । यस्तो महत्वपूर्ण कार्य समय सान्दर्भिक र उपयोगी हुनुपर्दछ । प्रस्तुत शोधकार्यको शीर्षक चुली उपन्यासको शैलीवैज्ञानिक अध्ययन रहेको छ । नेपाली भाषा र साहित्यको क्षेत्रमा कथा एउटा प्रबल र सक्षम विधाको रूपमा चिनिएको छ । गद्य साहित्य अन्तर्गत पर्ने उपन्यास विधा सम्पूर्ण साहित्यप्रेमी सर्जक तथा पाठक वर्गका लागि मनोरञ्जन गर्न एउटा सशक्त माध्यम बनेको छ ।

प्रस्तुत शोधकार्यको अन्य उपयोगिताहरू पनि यहाँ प्रस्तुत गरिएको छ :

- प्रस्तुत शोधबाट स्थापित नवीन ज्ञान सम्बद्ध अध्येता तथा शोधकर्ताहरूका लागि लाभदायी हुनेछ,
- बी.एड.दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरूका लागि प्रस्तुत शोधकार्य उपयोगी सामग्री बन्नेछ । साथै सम्बन्धित विषयमा शिक्षण पेसामा आबद्ध शिक्षक वर्गलाई पनि सहयोग सामग्री बन्नेछ ।
- वाक्य गठन-सरल, संयुक्त, मिश्र र मिलित वाक्यको उचित प्रयोगको स्थिति ठम्याउन,
- यस उपन्यास भित्र प्रयुक्त शब्द स्रोत खुलाई वर्गीकरण गर्न,
- भाषिक चयन र विचलन तथा समानान्तरताको स्थिति छुट्याउन,
- वाक्यहरू व्याकरणिक र अव्यवहारिक के हुन् ? छुट्याउन,

## सन्दर्भसूची


अधिकारी, तोयानाथ (२०७०), *शिक्षाका आधारहरू,*काठमाडौं : एकेडेमिक बुक सेन्टर ।

अधिकारी, हेमाङ्गराज (२०५३), *भाषा शिक्षण : केही परिप्रेक्ष्य,* र, काठमाडौँ:विद्यार्थी पुस्तक भण्डार।

अधिकारी, हेमाङ्गराज (२०६५), *सामाजिक र प्रायोगिक भाषा विज्ञान,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), *प्रयोगात्मक शब्दकोश,* काठमाडौँः नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

उपाध्याय, केशवप्रसाद (२०४८), *पूर्वीय साहित्य सिद्धान्त* (दो.सं.), काठमाडौ : स.प्र. ।

खनाल, यदुनाथ (२०४९), *समालोचना सिद्धान्त,* साझा प्रकाशन, पुल्चोक ।

खनाल, राजेन्द्र (२०६१), *मुगलान उपन्यासको शैलीवैज्ञानिक अध्ययन,*स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६४), *सामान्य तथा प्रायोगिक भाषा विज्ञान,* काठमाडौ : शुभकामना प्रकाशन ।

ढुङगेल, भोजराज, दुर्गाप्रसाद दाहाल (२०५८) *प्रायोगिक भाषा विज्ञान,* एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, भोटाहिटी ।

थापा, हिमांशु (२०५०), *साहित्य परिचय,* डबली प्रेस, काठमाडौँ ।

थापा, डि.बी. (२०५६), *तीन घुम्ती उपन्यासको अध्ययन,*स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

दाहाल, दुर्गाप्रसाद (२०५८), *नरेन्द्र दाइ उपन्यासको शैली वैज्ञानिक अध्ययन,*स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

नेपाल, घनश्याम (सन् २००९), *शैली विज्ञान,* काठमाडौ : एकता बुक हाउस प्रा.लि. ।

पन्थी, कविता (२०६३), *बसाइँ उपन्यासको शैलीवैज्ञानिक अध्ययन,*स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

पुडासैनी, विरेन्द्र (२०५८), *राजेश्वरी खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन,*स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

पौडेल, नेत्रप्रसाद र होमनाथ पौडेल (२०५५), *साधरणनेपाली व्याकरण र समीक्षा,* काठमाडौ : पैरवी प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०४८), शैलीविज्ञान, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना,* सिद्धान्त र प्रयोग, काठमाडौँ : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान।

शर्मा, मोहनराज (२०५९), *शैलीविज्ञान,* काठमाडौ : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

सापकोटा, कृष्णचन्द्र (२०५९), *माइत घर उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।